**राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं**
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
**डेंगीबाट कसरी बच्ने ?**
- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन ०४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 19 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१७

## सफा र सुन्दर वीरगंजलाई गिज्याउँदै घण्टाघरको बिपी उद्यानको कहिले होला व्यवस्थापन

प्रस, वीरगंज, ३ साउन/

वीरगंज महानगरपालिकाको


तस्वीरः प्रतीक

सरसफाइ र स्वच्छताको चर्चा देशभरि भइरहेको बेला वीरगंजको बिपी उद्यानको कसैलाई चासो छैन ।

महानगरपालिकाको मुख्यचोक घण्टाघरदेखि उत्तरमा १० बिघा क्षेत्रफलमा फैलिएको बिपी उद्यानको



जग्गा अनधिकृतरूपमा जथाभावी प्रयोग गरिंदैछ । जथाभावी प्रयोग हुँदा महानगरपालिका र राज्यका अन्य निकायलाई सङ्कलन हुनुपर्ने राजस्व खेर गइरहेको छ भने अर्कोतर्फ सफा वीरगंजलाई कुरूप र फोहर बिपी उद्यानले गिज्याइरहेको छ ।

वीरगंज-९ रानीघाटका टोलवासीहरूले जबसम्म बिपी उद्यान व्यवस्थित र हराभरायुक्त भौतिक संरचनाले सजिंदैन, तबसम्म रानीघाटको मानसम्मान र सरसफाइ नहुने बताउँछन् । बिपी उद्यानकै छेउछाउका सडकबाट रानीघाटमा सबैले प्रवेश गर्छन् । २०५९ सालमा रेलवेको जग्गा वीरगंज मनपाको नाममा मन्त्रिपरिषद्को निर्णय भएर नामसारी भएको थियो । जसमा बिपी स्मृति पार्क निर्माण गर्ने उल्लेख छ । नेपाल सरकारले सोही पार्क निर्माणको लागि यस अघि एडिबी आयोजना अन्तर्गत एक अर्ब बजेट छुट्याए तापनि अदालतको मुद्दा मामिलाका कारण सो बजेट फ्रीज भएर फिर्ता भएको थियो ।

मधेस आन्दोलन र नाकाबन्दीपछि मधेसी शहीद स्मृति पार्क बनाउने चर्चा पनि चल्यो तर बिपी उद्यानकै सार्वजनिक शौचालयनजीक एउटा कुनामा मधेसी पार्क निर्माण गरेर मधेसी शहीदहरूको प्रतिमा स्थापित गरिएको छ र बाँकी क्षेत्रफलमा कसले कहिले कुन योजना अघि बढाउने भन्ने विषयमा अहिलेसम्म कुनै ठेगान छैन । जसले गर्दा ठेला, घुम्ती पसल, तरकारी बजार,



अव्यवस्थित दलित बस्तीलगायतका संरचना स्थायी र अस्थायीरूपमा रहँदै सो ठाउँको दुरुपयोग हुँदै आएको छ ।

दैनिक ट्रकका ट्रक तरकारी बिक्री हुँदा त्यसबाट विसर्जित फोहरले बिपी उद्यान दुर्गन्धित हुने गरेको छ । सडकछेउमा पर्खाल निर्माण भइसकेपछि केही हदसम्म बिपी उद्यानको दुर्दशा सर्वसाधारणले हेर्न पाउँदैनन् तर भित्र प्रवेश गर्ने बित्तिकै नाक थुनेर तरकारी, फलफूल किन्नुपर्ने बाध्यता छ ।

वीरगंजको रानीघाट मात्र नभई वीरगंजवासी र आन्तरिक तथा बाह्य पर्यटकहरूको आशा र विश्वास वीरगंजका नगरप्रमुख राजेशमान सिंहसँग थियो । तर उनले पनि सो पार्कलाई व्यवस्थित, हराभरासहितको योजना अगाडि बढाउन सकेनन् । बिपी उद्यानमा पोखरी, बगैंचा, नगरसभालगायत संरचना निर्माण गर्ने महानगरपालिकाले सोच बनाए तापनि बिपी स्मृति पार्ककै नामबाट कुनै पनि योजना अगाडि बढाउनुपर्ने बाध्यताले महानगरपालिकाले बजेट विनियोजन गर्न हच्केको छ ।

वीरगंज मनपाको दुई वर्षको बजेट सकिंदा पनि सो पार्कमा खासै रकम विनियोजन भएको छैन । वीरगंजवासीका अनुसार वीरगंज मनपाले जसरी भएपनि सफा र स्वच्छ वीरगंजको प्रतीकको रूपमा बिपी स्मृति पार्कलाई आधुनिक किसिमको पार्कको रूपमा विकसित गर्दै सुविधासम्पन्न बनाए वीरगंजको लागि गौरव हुने विश्वास व्यक्त गरेका छन् ।

वर्षात्को बेला विपी पार्कमा पानी जम्दा थप दुर्गन्धित हुने गरेको र बिपी पार्कबाट कसले दैनिक कति रकम सङ्कलन गर्छ भन्नेबारे महानगरपालिकासँग यकीन तथ्याङ्क छैन ।

## गत आवमा पर्साबाट सर्वाधिक लेनदेनका १५९८ मुद्दा फछ्र्योट

प्रस, परवानीपुर, ३ साउन/

पर्सा जिल्ला अदालतबाट गत आव २०८०/८१ मा सबैभन्दा बढी लेनदेनका



तस्वीरः फाइल

मुद्दा फछ्र्योट भएका छन् । लेनदेनका मुद्दा एक हजार ५९८ वटा फैसला भएको मुख्य न्यायाधीश दीपक खनालले बताए ।

उनका अनुसार २०७८/७९ मा सबैभन्दा बढी एक हजार ५५० वटा लेनदेनका मुद्दा फैसला भएको थियो भने सोभन्दा अघिल्लो आव २०७७/७८ मा ६४७ वटा अंशदर्ताका मुद्दा फैसला भएको थियो । त्यसैगरी, गत आवमा सम्बन्धविच्छेद ८२१ वटा मुद्दामध्ये २६६ वटा फछ्र्योट भई ५५० वटा सुनवाइ हुन बाँकी छ । घरेलु हिंसातर्फ कुल लगत १७३ बाट ७८ वटा फछ्र्योट भई बाँकी ९५, माना चामलतर्फ ११७ कुल मुद्दामध्ये ६० वटा फछ्र्योट भएर ५७ बाँकी, जबरजस्ती करणी कुल १७८ मध्ये ५१ वटा फछ्र्योट र १२७ वटा मुद्दा सुनवाइ हुन बाँकी रहेको पर्सा जिल्ला अदालतले जनाएको छ ।

बालबालिकासम्बन्धी कुल ३५ वटा लगतमध्ये २६ वटा फछ्र्योट भई नौवटा बाँकी, नाता कायमका कुल लगत २३ वटा मुद्दामध्ये २० वटा फछ्र्योट भई तीनवटा बाँकी, मानव बेचबिखन अन्तर्गत कुल लगत १६ वटामध्ये तीनवटा फछ्र्योट भई १३ वटा बाँकी र जबरजस्ती करणी उद्योगतर्फ एउटा लगतमध्ये एकको फछ्र्योट भई बाँकी नरहेको जानकारी गराइएको छ ।

गत चालू आवमा लेनदेनपछि सम्बन्धविच्छेद, घरेलु हिंसा, माना चामल, जबरजस्ती करणीलगायतका मुद्दा बढी फछ्र्योट भएका छन् भने अघिल्लो आवमा सर्वाधिक लेनदेनपछि सम्बन्धविच्छेद, माना चामल, घरेलु हिंसा, जबरजस्ती करणीका मुद्दा बढी फछ्र्योट भएका थिए ।

त्यसैगरी, थुनुवा मुद्दाको विवरण अनुसार गत आवमा ४०८ वटा मुद्दा जिम्मेवारी सरेर आएका थिए भने नयाँ दर्ता ४८५ गरी कुल ८९३ मध्ये ५२४ वटा फछ्र्योट भई ३६८ वटा मुद्दा सुनवाइ गर्न बाँकी रहेको पर्सा जिल्ला अदालतका रजिस्ट्रार धनेन्द्र अधिकारीले बताए ।

## हाजिर हुन थाले सरुवा भएका प्रधानाध्यापक

प्रस, परवानीपुर, ३ साउन/

वीरगंज महानगरपालिका अन्तर्गत सरुवा भएका २७ जना प्रधानाध्यापक हाजिर हुन थालेका छन् । शिवपार्वती आधारभूत विद्यालय वीरगंज-२४ रामगढवाबाट सरुवा भएर वीरगंज-२३ स्थित भुवनेश्वर आधारभूत विद्यालय इटियाहीमा बिहीवार प्रअ प्रदीप जयसवाल हाजिर भएका छन् भने सो विद्यालयका प्रअ राजेश साह वीरगंज-१९ स्थित विन्ध्यवासिनी आधारभूत विद्यालय बर्वामा हाजिर भएका छन् ।

अन्य विभिन्न विद्यालयका प्रअहरू हाजिर हुने तयारीमा रहेका छन् । गत जेठ मसान्तमा वीरगंज महानगर शिक्षा समितिको निर्णय अनुसार २७ जना आधारभूत विद्यालय (प्रावि)का प्रअहरूको सरुवा भएको थियो । तर आव सकिन लागेको र मसान्तसम्मको शैक्षिक एवं


तस्वीरः प्रतीक

आर्थिक गतिविधिहरू पूरा गरी विद्यालयमा सरुवा भएर जाने प्रअहरूको सहमति अनुसार सरुवा भएर जाने विद्यालयमा प्रअहरू हाजीर हुन थालेका बताइएको छ ।

वीरगंज महानगरपालिकाका शहर र ग्रामीण क्षेत्रमा शैक्षिक वातावरण गुणस्तरीय बनाउन र पठनपाठन प्रभावकारी बनाउनको लागि महानगरले प्रअहरूको सरुवा गरेको थियो ।

### सयौं सहायक शिक्षकहरूको पनि सरुवा हुँदै

वीरगंज महानगरपालिका अन्तर्गत रहेका आधारभूत र माध्यमिक विद्यालयका प्रधानाध्यापकबाहेक सहायक शिक्षक (स्थायी, राहत, बालविकास, कास)लगायतको सरुवा गर्ने महानगरपालिकाले तयारी गरेको छ ।

विगत लामो समयदेखि एउटै ठाउँमा कार्यरत र विद्यार्थी अनुपातको तुलनामा शिक्षक सङ्ख्या बढी भएका विद्यालयबाट शिक्षक तथा कर्मचारी कट्टा गरेर विद्यार्थी बढी भएका विद्यालयमा दरबन्दी मिलान गर्दै शिक्षक सरुवा भइरहेको वीरगंज महानगरपालिका स्रोतले जनाएको छ ।

महानगरपालिकाले यसअघि मावि, निमावि र प्रावि विद्यालयका प्रअहरूको सरुवा गरिसकेको अवस्थामा गुणस्तरीय शिक्षासहितको वातावरण सिर्जना गर्न विद्यार्थी अनुपातको तुलनामा शिक्षक दरबन्दी मिलान भइरहेको बताइएको छ । शिक्षक, बालविकास सहजकर्ता र कर्मचारी गरी सयौं शिक्षक, कर्मचारीहरूको सरुवा गर्ने महानगरको तयारी छ ।

## पहिरो डरले बसको यात्रु घटे, जहाजको यात्रु बढे

प्रस, वीरगंज, ३ साउन/

एक हप्ताअगाडि चितवनको सिमलतालमा पहिरोले दुईवटा बस बगाएपछि पर्साका ग्रामीण क्षेत्रबाट चल्ने अधिकांश बससेवा बन्द भएका छन् ।

दुईवटा बस दुर्घटनामा परेपछि पाँच दर्जन व्यक्ति बेपत्ता भएका छन् । सोही डरले अहिले पर्साका गाउँबाट काठमाडौं जाने बसहरूमा यात्रुहरू नपाएपछि बससेवा बन्द भएको बस व्यवसायीहरूले बताएका छन् ।

लङ्गडीका टिकट काउन्टर इन्चार्ज उमेश साहका अनुसार अदालत वा उपचारलगायत अति आवश्यक कामबाहेक गाउँका कोही पनि काठमाडौं जान मानिरहेका छैनन् ।

भिस्वा, जानकीटोला, लङ्गडी, पोखरिया, बहुर्वाभाटा भएर एक दर्जनभन्दा बढी बस काठमाडौंका लागि जाने गर्छन् । तर अहिले एउटा बसको लागि यात्रु खोज्न धौधौ परिरहेको साहको भनाइ छ । घटना अघि सबै बसमा यात्रु कोचाकोच हुन्थ्यो ।

पहिरोले बस बगाउने डरले अहिले कोही पनि काठमाडौं जान मानिरहेका छैनन्, बस व्यवसायीहरूको भनाइ छ । भिस्वामा विगत छ दिनदेखि चारवटा बस रोकिएका छन् । यात्रु नपाएपछि बस रोकिएको व्यवसायीहरूको भनाइ छ ।

त्यत्तिमात्र हैन सयौंको सङ्ख्यामा वीरगंजबाट काठमाडौं वा काठमाडौंबाट वीरगंज आउने सयौं बस सञ्चालनमा रहे पनि यात्रुको सङ्ख्या ह्वात्तै घटेको वीरगंजका काउन्टर इन्चार्ज अजयले बताए ।

अजयका अनुसार पहिला अधिकांश बस दैनिक भरिभराउ जान्थे ।

अहिले यात्रुहरू नपाएर खाली बस दैनिक काठमाडौं पठाउनुपरेको उनले बताए । नियम अनुसार बससेवालाई रोक्न सकिंदैन । साहुलाई घाटा भएपनि बसहरू पठाउन बाध्य छौं, उनको भनाइ थियो ।

बसमा यात्रु घटेपछि हवाई यात्रा गर्नेहरूको भीड लागेको छ । अहिले हवाई सेवाबाट काठमाडौं आउने-जानेको लर्को लागेको छ । हवाई सेवामा दुई दिनको टिकट बूकिङ चलिरहेको छ ।

अहिले दशैं लागेजस्तै अग्रिम भुक्तानी गरी टिकट लिनेको भीड बढेको देखिन्छ । सबै एयरलायन्सले दैनिक उडानभन्दा बडी जहाज सिमरामा पठाउने गरेका छन् । यात्रुको चाप बढेपछि सिमरा आउने जहाजहरू ठीक समयमा आउने जाने गरेका देखिन्छन् ।

### सच्याइएको

२०८० साउन ३ गते प्रतीक दैनिकको प्रथम पृष्ठमा 'गत आवमा ५३.७८ प्रतिशत मुद्दा फछ्र्योट' प्रकाशित समाचारमा **सो विवरण निवेदन** हुनुपर्नेमा मुद्दा हुन गएकोले सच्याइएको छ । - संवाददाता

## विचारसार र सूक्तिहरू

**कोमल अवधारणाले बलियो सम्बन्ध निर्माण गर्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# बजेट यथार्थपरक भएन

**वीरगंज महानगरपालिकाले चालू आर्थिक वर्ष २०८१/८२ को लागि यथार्थपरक बजेट ल्याउने गृहकार्य गरे पनि आखिरमा उसले पुरानै ढर्राको प्रयोग गरेको छ । यथार्थपरक बजेट आफैंमा सराहनीय कार्य हो । घाँटी हेरी हाड निल्नुपर्छ भन्ने नेपाली उखान महानगरले चरितार्थ गर्न सकेन । घाँटी हेरेर हाड निल्ने प्रयास गर्दा घाँटीमा अड्किने डर हुँदैन अन्यथा हाड अड्किन्छ र समस्या सिर्जना हुन्छ । बजेट ल्याउने सन्दर्भमा वीरगंज महानगरले आफ्नो घाँटी नहेरी ठूलो हाडरूपी बजेट मात्र ल्याउने गरेको छ। सङ्घीय गणतन्त्रपछि वीरगंज महानगरको नेतृत्व सम्हालेका पूर्वनगरप्रमुख विजयकुमार सरावगीदेखि वर्तमानमा नेतृत्व सम्हालिरहेका नगरप्रमुख राजेशमान सिंहले महानगरको यथार्थपरक बजेट ल्याउने प्रयास गरेका थिएनन् । पूर्वनगरप्रमुख सरावगीको पालामा महानगरपालिकाको बजेट धेरै देखाउने अवसर मिलेको थियो। एशियाली विकास बैंक (एडिबी), नेपाल सरकार र महानगरपालिकाको संयुक्त लगानीमा मझौला शहर एकीकृत वातावरणीय आयोजना सञ्चालनमा थियो । करीब साढे तीन सय करोडको सो योजनामा महानगरपालिकाले करीब आठ प्रतिशत म्याचिङ फन्डको अभिभारा वहन गरेको थियो। तर महानगरपालिकाले तत्कालीन अवस्थामा बजेट बनाउँदा आयोजनाको रकमलाई पनि समावेश गरेर ठूलो आकारको बजेट बनाउने गरेको थियो ।**

**पूर्वनगरप्रमुख सरावगीकै पालामा संयोगवश एडिबी, नेपाल सरकार र महानगरपालिकाको संयुक्त लगानीमा सघन शहरी विकास आयोजना सञ्चालन भयो। करीब तीन सय करोडको योजनालाई महानगरपालिकाले आफ्नो बजेटमा समावेश गरेर ठूलो आकारको बजेट प्रस्तुत गर्दै आएको थियो । वर्तमान नगरप्रमुख सिंहले नेतृत्व सम्हाल्नु अघि नै सघन शहरी विकास आयोजना सम्पन्न भइसकेको थियो । तर पनि नगरप्रमुख सिंहले चालू आव २०८०/८१ मा आफ्नो नेतृत्वमा रु तीन अर्ब २१ करोडको बजेट प्रस्तुत गरेका थिए। चालू आवमा सरकारले महानगरलाई करीब एक अर्ब २८ करोड र प्रदेश सरकारले २५ करोड अनुदान सहयोग दिने घोषणा गरेको छ। महानगरको आन्तरिक आयस्रोत भने रु ६२ करोडभन्दा बढी छैन। यो अवस्थामा रु तीन अर्ब २१ करोडको बजेट पुग्ने अन्य कुनै आधार देखिंदैन । तर पनि महानगरले गत पुसमा बजेट संशोधन गर्दै मधेस प्रदेशबाट घोषित २५ करोड अनुदान सहयोग प्राप्त नहुँदै सो रकमलाई थप गरेर तीन अर्ब ४६ करोड पुऱ्यायो । यतिमात्र होइन महानगरपालिकाले आफ्नो आन्तरिक आयस्रोत ७० करोडबाट ९५ करोड पुऱ्याएको थियो ।**

**आन्तरिक आय गत आवमा साढे ६१ करोड पनि पुगेन। तर गत पुसमा महानगरले २०८० असार १० गते घोषित गरेको ७० करोडमा गत पुसमा थप गरेर रु ९५ करोड लक्ष्य बनाएको थियो । यसैबीच, सङ्घ सरकारले चालू आवको अनुदान सहयोगमा २५ प्रतिशत कटौती गरेको थियो तर चालू आवको अन्त्यमा भने सात प्रतिशत मात्र कट्टा गरेर बाँकी रकम स्थानीय तहमा पठायो। अहिले महानगरपालिकालाई कर्मचारीको तलब सुविधा, ठेकेदारको भुक्तानी, अवकाशप्राप्त कर्मचारीहरूको उपदान गरी करीब ८५ करोड भुक्तानी दिनुपर्ने दायित्व छ । यस्तो अवस्थामा महानगरपालिकाले यथार्थपरक बजेट ल्याउने जमर्को नगरेर अन्त्यमा आएर पुरानै शैली अवलम्बन गरेको छ । जसले गर्दा आगामी दिनमा पनि लक्ष्य पूरा हुने आधार भने देखा परेको छैन ।**

# राजनीतिक अस्थिरताको विश्व च्याम्पियन

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

> **स्थानीय तहमा पनि समानुपातिक निर्वाचन लागू गरिएको भए झन् अस्थिरता निम्तिने थियो । हामी नेपालीहरूलाई मेडल हात पार्ने र नाम कमाउने शीघ्रता अलि बढी नै हुन्छ। राजनीतिक अस्थिरताका कारण भए पनि गोल्ड मेडल त हात पऱ्यो नि !**

नेपालमा राणा शासनको अन्त्यपश्चात् विगत साढे सात दशकमा आजसम्म एउटा पनि सरकारले पाँच वर्षको कार्यकाल पूरा गर्न सकेको छैन। पञ्चायती व्यवस्थाको अवसान र देशमा लोकतन्त्रको पुनर्बहालीपश्चात्का १६ वर्षमा पनि कुनै एक प्रधानमन्त्रीले पाँच वर्षको कार्यकाल पूरा गर्न सकेन । जनान्दोलन–२ को पछिको झन्डै १० वर्षको अवस्था त्यही रह्यो। नेपालको संविधान २०७२ जारी भएपपछि विगत नौं वर्षमा वर्षैपिच्छे प्रधानमन्त्री फेरिने क्रम जारी छ। नेपाललाई सहयोग दिन चाहनेहरूले यहाँ राजनैतिक स्थिरता खोजिरहेका बेला फ्रान्सको एउटा चर्चित पत्रिकाले नेपाल राजनीतिक अस्थिरताको विश्व च्याम्पियन भन्ने शीर्षक दिएर चाखलाग्दो समाचार प्रकाशित गरेको छ।

नेपाल र नेपालीको निम्ति यो समाचार कति महत्त्व राख्दछ त्यो कुरा आफ्नै ठाउँमा छ । तर विश्वस्तरमा नेपालको छविमाथि प्रतिकूल प्रभाव पर्ने निश्चित छ। पाँच वर्षको निम्ति बनाइने योजनाहरू छ महीनामैं परिवर्तन हुने अवस्थाले जो कोहीलाई चिन्तित बनाएको छ। नेपालको विकासमा सहयोग गर्न चाहने, यहाँ लगानी गर्न चाहने विदेशीहरू तथा हाम्रा शुभेच्छुक मित्र राष्ट्रहरू पनि नेपाललाई किन र कसरी सहयोग गर्ने भन्ने प्रश्नको जवाफ नेपालका हालबहालका नेता र नीति निर्माताहरूसँग पक्कै पनि छैन होला ।

हरेक दिन छापिने फ्रान्सको चर्चित दैनिक ‘ले मोन्डे’ले मङ्गलवारको अङ्कमा नेपाल राजनीतिक अस्थिरताको विश्व च्याम्पियन भन्ने शीर्षकमा समाचार प्रकाशित गरेको छ। कुनै हिंसा अथवा राजनीतिक दलहरूको निरन्तर आन्दोलन पनि नरहेको अवस्थामा नेपालमा छ–छ महीनामा भइरहने सरकार परिवर्तन र महीना–महीनामा प्रधानमन्त्रीले विश्वासको मत लिने अवस्था उत्पन्न हुनुलाई कटाक्ष गरेको हुन सक्दछ। सानो हिमाली गणराज्य नेपालले हालै मात्र १५ वर्षमा आफ्नो १४औं प्रधानमन्त्री नियुक्त गरेको छ । विसं २०७९ साल पुस १० गते प्रधानमन्त्री पदको शपथ लिएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले १९ महीनाको अवधिमा सरदर चार महीनामा एकपटक विश्वास मत लिने सरकारले देशमा के काम गर्ने ?

५–६ महीना अघि मात्रै नेकपा एमालेको समर्थनबाट प्रधानमन्त्री बनेका प्रचण्डलाई विस्थापित गरी उनकै मित्र नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीले प्रधानमन्त्रीको पद हात पारेका छन् । तीन वर्ष अघि सर्वोच्च अदालतको परमादेशबाट बहिर्गमनमा परेका ओली नेपाली काङ्ग्रेसको बलियो समर्थनबाट देशका प्रधानमन्त्री नियुक्त भएका छन्। त्यस बेला सर्वोच्च अदालतको परमादेशबाट प्रधानमन्त्री बनेका नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले यसपाली अनुनय–विनय गरेर नै ओलीलाई प्रधानमन्त्री बनाएका छन्।

२०५१–५२ सालतिर नेपालमा अहिलेको जस्तै राजनीतिक अस्थिरता देखिएको थियो । नेपाली काङ्ग्रेस र नेकपा एमाले मिलेर देशमा राजनीतिक स्थायित्व दिने दाबीसहित प्रचण्डलाई सत्ताबाट बिदा गरेका छन्। प्रत्येक वर्ष गठन हुने प्रत्येक नयाँ संरचनाको सरकारले यही दाबी गर्दै आएको छ कि देशमा राजनीतिक स्थायित्वका लागि र देशको आर्थिक विकासका लागि नै यो गठबन्धन अस्तित्वमा आएको हो ।

समाचारका लेखक ब्रुनो फिलिपले व्याख्यात्मक समाचारमा लेखेका छन् कि बेरोजगारका कारण विदेशिने युवाहरूको सङ्ख्या बढिरहेका बेला नेपालको सार्वजनिक मामिला केवल राजनीतिक लेनदेन संस्कृतिको नियमित परम्परा बनेको छ। नेपालमा बेरोजगारी बढ्दो छ, गरीबी छ, अर्थ व्यवस्था कमजोर हुँदै गएको छ। देशमाथि २४ खर्ब जति ऋण भइसकेको छ । जनतामाथि अत्यधिक कर लादिएको छ तर उपरोक्त घटनाहरूप्रति नेपाली जनताको चासो छैन। नेपाली जनता आफ्नो हकको कुरा गर्न सक्दैन, केवल राष्ट्रवादको सङ्कीर्ण नाराका पछाडि दगुर्न तयार रहन्छ । पत्रिकाले अझै अघि बढेर राजनीतिक अस्थिरताको ओलम्पिक प्रतियोगितामा नेपालले शीर्ष स्थान कायम गरिरहेको पनि लेखेको छ। राजनीतिक अस्थिरताको ओलम्पिक प्रतियोगिताभित्र नेपालले निरन्तर तालिकामा आफ्नो शीर्ष स्थान कायमै राखेको छ।

केपी शर्माले सन् २००८ यताकै १४ औं प्रधानमन्त्रीका रूपमा शपथ लिएका छन् भने विगत ३४ वर्षमा नेपालले ३० वटा प्रधानमन्त्री फेरिसकेको छ। नेपालमा हरेक वर्ष नयाँ प्रधानमन्त्री आउनु सामान्य कुरा भइसकेको छ । सानो हिमाली गणतन्त्रका लागि यो नै उल्लेखनीय उपलब्धि रहेको छ । तर नेपालमा भइरहने सत्ता परिवर्तनले जनजीवनमा तात्त्विक अन्तर नआउने गरेको भन्दै पत्रिकाले सामाजिक अस्थिरताका कारण नै नेपालमा विकास हुन नसकेको पनि लेखेको छ। पटक–पटक पुरानै अनुहार दोहोरिए पनि देश र जनताको हितमा कुनै ठोस एवं उपलब्धिमूलक काम होला भन्ने विश्वास नेपाली जनतालाई रहेको छैन र आफ्नो प्रत्येक समस्याका लागि भाग्यलाई नै दोषी ठान्दछन्। नेपालका नेताहरूले यस यथार्थलाई बुझेका छन् कि नेपाली जनताले आफ्नो भाग्यलाई मात्र दोष दिन जानेको छ। आफैंले पटकपटक चुनेका जनप्रतिनिधि, सांसद, प्रदेश सांसद र स्थानीय निकायका प्रमुखप्रति नेपाली जनताको कुनै रोष देखिन्न ।

नेकपा एमालेका नेता ओली वैचारिक रूपमा युरोपेली समाजवादी प्रजातन्त्रवादी निकट रहेका छन्। उनी कट्टर कम्युनिस्ट होइनन्। ओलीले सन् २०१५ यता चौथोपटक सरकारको नेतृत्व गर्न लागेको पनि पत्रिकाले लेखेको छ। उक्त पत्रिकाले नेपाली राजनीतिमा गठबन्धन प्रतिगठबन्धन र विश्वासघातको क्रम अचम्मको रहेको टिप्पणी गर्दै दलहरूले एउटा गठबन्धन छाडेर अर्कोमा जोडिने र एकले अर्कासँग विश्वासघात गर्ने क्रम पनि धेरै रहेको समाचारमा उल्लेख छ। उदाहरणाको रूपमा नेपालका कम्युनिस्टहरू गणतन्त्रवादी राजावादीसँग पनि मिल्न पुग्छन् र पछिल्लोपटक लामो समयदेखि शत्रुतापूर्ण सम्बन्ध रहेका दुई पार्टी काङ्ग्रेस र एमाले मिलेको घटनालाई पनि उक्त समाचारमा उल्लेख गरिएको छ।

नेपालको राजनीतिमा सिद्धान्त, आदर्श, विचारधारा र इमानदारीका कुरा व्यर्थका विषय भएका छन्। कोही कसैका न हित छन्, न शत्रु नै। प्रत्येक छ–छ महीनामा सरकार परिवर्तन हुने विश्वास यहाँका नेता र राजनीतिक दलहरूको रहेको छ। काठमाडौंमा सत्ता परिवर्तनको पानी पर्दा सातवटै प्रदेश सरकारमा पहिरो नै जाने गर्दछ । स्थानीय तहमा पनि समानुपातिक निर्वाचन लागू गरिएको भए झन् अस्थिरता निम्तिने थियो। हामी नेपालीहरूलाई मेडल हात पार्ने र नाम कमाउने शीघ्रता अलि बढी नै हुन्छ । राजनीतिक अस्थिरताका कारण भए पनि गोल्ड मेडल त हात पऱ्यो नि !

# एकल महिलाको प्रश्न– “के एक्लो महिलाको अस्तित्व हुँदैन ?”

मधु शाही
काठमाडौं, ३ साउन/रासस

“भाँडै माझ्न परे पनि गर्छु, काम दिनुपऱ्यो हजुर,” काखमा दूधे बालक बोकेर जुनु तामाङले होटलका साहुसँग रोजगारको अपील गरिरहेकी थिइन् । साहुले जवाफमा भने, “बच्चा बोकेर कसरी भाँडा माझ्छौ ?” दिनभरि चार ठाउँ होटल चहार्दासमेत उनलाई काम पाउन गाऱ्हो भयो ।

जुनुले त्यही भाँडा माझ्न पनि पाइनन्। हातमा केही सीप छैन। काखको सन्तान पाल्नकै लागि उनले जसरी पनि मजदूरी गर्नैपर्छ। सङ्खुवासभा चिचिला गाउँपालिकाबाट उनी काठमाडौं आएको तीन वर्ष भयो । एक वर्षसम्म यसरी नै होटलमा काम खोज्दै हिंडिन्। कतै एक महीना त कतै छ महीना जूठो भाँडा माझेर सन्तान हुर्काइन् ।

डेङ्गु लागेर तीन वर्षअघि पतिको मृत्यु भएपछि उनको जीवन सहज हुन सकेन । आर्थिकरूपले सक्षम नहुँदा तामाङलाई छोराछोरी पाल्न मुश्किल छ। रोगले पति बिते पनि उनलाई समाज र आफन्तीले विभिन्न आरोप लगाएर पीडा दिन छाडेका छैनन्। “लोग्ने खोइ भनेर आफन्तीले नै कुरा काट्न थाल्नुभयो, मनभरि पीडा बोकेर सन्तान कोखी च्यापी शहर पसें,” उनी तीन वर्ष अघिको शहर पस्दाको क्षण सम्झँदै भन्छिन्, “यहाँ आउँदा पनि सजिलो कहाँ छ र ? एक्ली महिलालाई न रोजगार पाउन सजिलो, न कोठा भाडा नै ।”

एकल महिला भएकै कारण भक्तपुरका प्रभा महर्जनले परिवारबाटै हेला खेप्नुपऱ्यो। पतिसँग सम्बन्धविच्छेद गरिन् । पति बितेको भए कठै र बरा भनेर संवेदना दिने समाजमा उनले पति स्वेच्छाले छोड्दा थुप्रै आरोप खेप्नुपऱ्यो। “लोग्ने छोडेकी भनेर दाजुभाइ नै बोली बार्न थाले,” उनी भन्छिन्, “के हामी महिलालाई एक्लै बस्ने हक छैन र ?” पतिकै अंश पाउन मुद्दाको झमेला खेप्नुपर्ने सङ्घर्ष सजिलो नभएको उनको अनुभव छ। अंशको हक पाउन पाँच वर्ष अदालत धाउनुपरेको उनी बताउँछिन् ।

स्याङ्जाका सैना सुनारले दुर्घटनामा पति गुमाएपछि चरित्रमाथि नै प्रश्नहरू उठ्न थालेको गुनासो गरिन्। पति हुँदा परिवार र समाजले जुन सम्मानपूर्वक व्यवहार गर्थ्यो नहुँदा ठीक उल्टो व्यवहार पाएको उनी बताउँछिन्। सात वर्षअघि दुर्घटनामा परेर पति गुमाएकी सैनाको यसमा कुनै दोष छैन तर पीडित भने परिवारले उनलाई नै दिने गरेको बताइन्। यहाँसम्मकी पति गुमाएको एक वर्षमैं सुनारले विभिन्न खाले लाञ्छना खेप्नुपऱ्यो। ससुराबाट चोरीको आरोप लागेपछि उनले घर छोडेर काठमाडौं आएर तरकारीको व्यापार गर्न थालिन्।

रोल्पा त्रिवेणी गाउँपालिकाका धनसरी विकले बाल्यकालमैं बिहे गरिन्। १० वर्षअघि अन्तरजातीय भागी विवाह भयो। एउटा छोरा जन्माएपछि उनलाई पतिले छोडिदिए । न पढाइ न लेखाइ । धनसरी छोरो लिएर माइतीमैं बस्न थालिन् । उनकी आमा एकल महिला हुन्। घर खर्च धान्ने स्थिति छैन। धनसरा छोरो पाल्नकै लागि भारत मजदूरी गर्न गएकी छन् । “पतिले छोडेकी नकचरी भन्दै गाउँभरि कुरा काट्छन् । सुखले बस्न दिंदैनन,” उनी भन्छिन्, “गाउँमैं कुखुरापालन गरें, तरकारी खेती गरें । कुरै काटेर बस्नै नदिएपछि भारत जान बाध्य भएकी हुँ ।”

एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० मा उल्लेख भए अनुसार एकल महिला भन्नाले आर्थिक दृष्टिले विपन्न सम्बन्धविच्छेद गरेकी महिला, विधवा, ३५ वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समयदेखि पति हराइ वा बेपत्ता भएकी महिला, अंशबन्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिलालाई बुझाउँछ । सरकारले एकल महिला लक्षित थुप्रै सकारात्मक कार्य गरे पनि कार्यान्वयनको अभावका कारण एकल महिला अधिकार सम्पन्न बन्न नसकेको एकल महिला अधिकारकर्मीहरू बताउँछन् ।

‘मानव अधिकारका लागि महिला: एकल महिला समूह’की अध्यक्ष कविता पाण्डेका अनुसार राज्यले एकल महिलाको अधिकार सुनिश्चित कागजमा मात्रै गरेको बताउँछिन् । उनले एकल महिलाको अवस्थाबारे गरेको अध्ययनपत्रको निष्कर्षमा एकल महिलाको मानव अधिकार खोसिंदै गएको उल्लेख छ । अध्ययनपत्रमा देशभर १० लाख १८५ जना एकल महिला छन् । राष्ट्रिय तथ्याङ्क २०७८ मा एकल महिलाको जनसङ्ख्या सात प्रतिशत रहेको उल्लेख छ । यसमा १९ प्रतिशत एकल महिला साक्षर छन् भने १२ प्रतिशत एकल महिलाको मात्रै घर छ ।

सो अध्ययनले ४९ प्रतिशत एकल महिला परिवारविहीन छन्। उनीहरू एक्लै जीवन बिताउन बाध्य छन् । “एकल महिला जीवनभर एक्लै बस्न बाध्य छन्,” पाण्डेले भनिन्, “जसले गर्दा धेरै एकल महिला ‘डिप्रेसन’को शिकार हुनुपरेको स्थिति छ ।” एकल महिला जग्गा र जमीनको पहुँचमा पनि पछि नै छन्। ३९ प्रतिशत जग्गामा पहुँच रहेको तथ्याङ्क छ। रोजगारको हिसाबले ४.८ प्रतिशत एकल महिला मात्रै रोजगारमा सक्रिय छन् भने १.३ प्रतिशत घरेलु उद्योगमा र ४.३ प्रतिशत व्यवसायमा छन् ।

विश्वको तथ्याङ्क केलाउने हो भने २८ करोड ५० हजार एकल महिला छन्। एक करोड १५ लाख एकल महिला एकदमै कष्टकर र गरीबीको जीवन बिताउन बाध्य रहेको तथ्याङ्क छ। झन्डै १५ लाख एकल महिलाका बालबालिकाले पोषण नपाएर मृत्यु भएका छन् । आर्थिक र सामाजिक हिसाबले पछि परेका एकल महिलालाई उमेरको हदविना नै सामाजिक सुरक्षा भत्ता दिनुपर्ने उनको जोड छ । यति मात्रै नभई स्वास्थ्य, शिक्षा र यातायातमा छुट दिनुपर्ने उनी बताउँछिन्।

राष्ट्रिय महिला आयोगले एकल महिलाको पछिल्लो अवस्था सङ्कलन गर्न सातवटै प्रदेशमा अन्तर्क्रियात्मक गतिविधि गरेको थियो । बागमती प्रदेशमा गरेको अन्तर्क्रियामा सहभागी एकल महिलाले स्थानीय तहमा एकल महिलाले पाउनुपर्ने भत्ता सहज नगरिदिंदा समस्या झेल्नुपरेको बताएका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## व्यापारको अवसर र सरकारको नीति

अर्थविशेष

विश्वराज अधिकारी
akoutilya@gmail.com

**हामीले उद्योग र व्यापारको क्षेत्रमा अपेक्षित विकास गर्न सकेका छैनौं । यस्तो हुनुको मुख्य कारण सरकार स्थिर नहुनु हो । निर्यात व्यापारलाई सरल र प्रभावकारी बनाउने निर्यात नीति निर्माण नहुनु हो । वैदेशिक व्यापारलाई लाभदायक बनाउन निर्यात व्यापार सरल बनाउनु नै पर्छ ।**

नेपालको राजनीतिलाई अति प्रभावित पारेर आफूले चाहेको दिशामा दौडाउन सक्ने एवं सङ्ख्याको आधारमा संसद्मा अति ठूला दुई दलका रूपमा रहेका नेपाली काङ्ग्रेस र नेकपा एमाले मिलेर कार्य गर्न तयार हुनु मुलुकमा राजनीतिक स्थिरताको लागि ज्यादै महत्त्वपूर्ण कुरा हो । यी दुई ठूला दल मिलेर कार्य गर्न सहमत भएको यो नयाँ स्थितिले देश स्थिरतातर्फ जान थालेको सन्देश नेपाली जनतालाई दिनेछ । साथै अन्तर्राष्ट्रिय जगत्मा पनि यो नयाँ स्थितिले सकारात्मक प्रभाव पार्नेछ । मुख्य गरी यो नयाँ स्थितिले राष्ट्रिय व्यापारको क्षेत्रमा विश्वासको वातावरण सृजना गर्ने आशा गर्न सकिन्छ । उद्योगी एवं व्यापारीहरू थप लगानी गर्न प्रोत्साहित हुने आशा गर्न सकिन्छ ।

तर यो नयाँ स्थिति, नेका र एमाले राजनीतिक स्थिरता र आर्थिक विकासको लागि मिलेर कार्य गर्न सहमत हुनुमा पूर्ण विश्वस्त हुने अवस्था भने छैन । यी दुई राजनीतिक दलहरूले विगतमा गरेका एक अर्काप्रतिको घात र प्रतिघातले यी दुई दलहरू मिलेर अगाडि जाने आधार र विश्वास सहजै प्रदान गर्दैन । आशा गरौं, दुई दलहरू नेका र एमालेको अग्रणी भूमिका रहनेगरी निर्माण भएको अनेक दल सम्मिलित सरकारले आउने निर्वाचनसम्म कार्य गर्न सकोस् । केपी शर्मा ओली नेतृत्वको सरकारले पूर्ण अवधि पाओस् । नवनियुक्त प्रम केपी शर्मा ओलीले असल समन्वयकारी भूमिका निर्वाह गरून् ।

२०४६ सालदेखि नै नेपाल राजनीतिक रूपमा अशान्त छ । माओवादीका नेताहरूले मचाएको तथाकथित दश वर्षे जनयुद्धले त नेपाललाई आर्थिकरूपमा दुर्बल नै पार्‍यो । २०६३ सालदेखि मचेका अनेक सङ्घर्ष एवं राजनीतिक अस्थिरता एवं छिटोछिटो सरकार फेरिने एवं नयाँ प्रम नियुक्त हुने क्रमले देशलाई आर्थिक रूपमा बर्बाद नै पार्‍यो । देशलाई आर्थिक रूपमा बर्बाद मात्र पारेन, जनतालाई अति निराश बनायो । युवाहरू ठूलो सङ्ख्यामा रोजगारका लागि विदेशतिर लागे । युवाहरू ठूलो सङ्ख्यामा विदेश जाने क्रम अहिले पनि जारी नै छ । आशा गरौं, यो स्थितिमा अब सुधार आउने छ ।

राजनीतिक अस्थिरता र अनिश्चितताको कारण आर्थिकरूपमा देश बर्बाद हुन थालेको स्थितिमा स्थिरता र निश्चितता प्रदान गर्न नेका र एमाले मिलेर कार्य गर्न तयार हुनु राम्रो कुरा हो । यो नयाँ एवं विशेष स्थिति नेका र एमालेको लागि पनि महान् अवसर हो । यो अवसरको प्रयोग गरेर नेका र एमालेले हामी जनता र मुलुकको लागि हित गर्ने दल हौं भन्ने सन्देश दिन सक्छन् । साथै आफूप्रति मतदाताको गुमेको विश्वास पुनः कायम गर्न सक्छन् ।

अहिले दुई ठूला दलको सहभागितामा सरकार निर्माण भएकोले नयाँनयाँ आर्थिक नीति निर्माण गर्न र तिनको कार्यान्वयन गर्न पक्कै पनि पहिलेभन्दा निकै सजिलो हुनेछ ।

नेपाली वस्तु विदेशी बजारहरूमा बिक्री गर्ने सन्दर्भमा सरकारले नयाँनयाँ नीति निर्माण गर्न आवश्यक छ । निर्यात व्यवस्था सरल र नेपाली व्यापारीहरू निर्यात गर्न प्रोत्साहित हुने नीति निर्माण हुने हो भने अहिले ठूलो सङ्ख्यामा नेपाली वस्तु–मुख्यगरी खाद्य, धार्मिक, सांस्कृतिक वस्तुहरू संसारका अनेक मुलुकमा बिक्री गर्न सकिने स्थिति छ । स्थिति मात्र होइन, ठूलो अवसर नै पनि छ ।

माओवादी सङ्घर्ष (२०५२–२०६३ साल) ले उत्पन्न गरेको भय एवं त्रासले गर्दा ठूलो सङ्ख्यामा नेपालीहरूले स्वदेश त्याग गरे । संसारका अनेक देशतिर लागे । ठूलो सङ्ख्यामा, विदेशमा नै स्थायी बसोवास गर्ने किसिमले अन्य मुलुकहरू तिर लागे । यसैगरी छिटोछिटो सरकार परिवर्तन हुने स्थितिले देशमा ठूलो अस्थिरता र अनिश्चितताको स्थिति सृजना गर्‍यो । अस्थिरता र अनिश्चितताको स्थितिले पनि ठूलो सङ्ख्यामा नेपालीहरूलाई संसारका अनेक देशमा पुग्न बाध्य पार्‍यो ।

उपरोक्त दुई कारणले गर्दा ठूलो सङ्ख्यामा नेपालीहरूले स्थानान्तरण गरेका छन् । यसरी यति ठूलो सङ्ख्यामा देशको जनशक्ति अर्को देशमा, त्यो पनि स्थायी किसिमले बस्नेगरी, स्थानान्तरण हुनु देशको अर्थ व्यवस्थाको लागि राम्रो होइन ।

तर ठूलो सङ्ख्यामा नेपालीहरू संसारका अन्य मुलुकहरूमा बसेको स्थितिलाई अवसरको रूपमा पनि लिन सकिन्छ । यो विशेष स्थितिलाई एउटा राम्रो व्यापारिक अवसरको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानाडा र अस्ट्रेलियामा अहिले ठूलो सङ्ख्यामा नेपालीहरूको बसोवास रहेको छ । अमेरिकामा मात्र ३ लाखभन्दा बढी नेपालीको बसोवास रहेको अनुमान गरिएको छ । यसैगरी जर्मनी, फ्रान्स, बेल्जियम, इटली, स्पेन, इजराइल, डेनमार्क, पोर्चुगल, नर्वे आदि देशमा पनि राम्रो सङ्ख्यामा नेपालीहरूको बसोवास रहेको छ । ती राष्ट्रमा बस्ने नेपालीहरूको क्रयशक्ति तुलनात्मकरूपमा (मलेशिया र खाडीका देशहरूभन्दा) बढी छ । यसैगरी साउदी अरेबिया, कतार, युनाइटेड अरब इमिरेट्स, ओमान, बहरेन, मलेशिया आदिमा पनि नेपालीहरूको बसोवास ठूलो सङ्ख्यामा छ ।

यसरी ठूलो सङ्ख्यामा नेपालीहरू देश बाहिर बसेको स्थितिलाई राम्रो व्यापारिक अवसरको रूपमा उपयोग गर्न सकिने पर्याप्त सम्भावना छ । खाद्य वस्तु (चिउरा, चाउचाउ, दाल, भटमास, गुन्द्रुक, बिस्कुट, चकलेट, मार्सी चामल आदि), धार्मिक वस्तु (पूजाका सामग्री, मूर्ति, भाँडा आदि) तथा सांस्कृतिक वस्तु (टोपी, खादा, पोशाक, नेपाली साडी आदि) ठूलो परिमाण एवं सङ्ख्यामा विदेशमा बसेका नेपालीहरूलाई बिक्री गर्न सकिन्छ । माथि उल्लेख गरिएका मौलिक नेपाली वस्तुहरूको विदेशी बजारहरूमा ठूलो माग पनि छ । मार्सी चामल, चाउचाउ, रातो चिउरा आदिको माग त झन् ठूलो परिमाणमा छ । ठूलो सङ्ख्यामा नेपालीहरूको बसोवास रहेको ठूला शहरहरू जस्तै टोरन्टो, न्युयोर्क, डालस, ह्युस्टन आदिमा नेपाली वस्तु ठूलो परिमाणमा बिक्री हुने ठूलो अवसर नै रहेको छ । स्वाद फेर्नका लागि माथि उल्लेख गरिएका वस्तुहरू विदेशमा बस्ने नेपालीहरूले ठूलो परिमाणमा खरीद गर्छन् । उपभोग गर्छन् ।

विदेशमा रहेका अन्य व्यापारी (मुख्य गरी भारतीय मूलका) हरूले यो अवसरको राम्रो प्रयोग गरेका छन् । ती व्यापारीहरूले ठूलो परिमाणमा विदेशमा बसेका नेपालीहरूलाई नेपालीहरूले मन पराउने वस्तुहरू बिक्री गरेर राम्रो आम्दानी प्राप्त गरिरहेका छन् ।

एउटा फरक प्रसङ्ग उल्लेख गरौं– केही दिन पहिले म क्यानाडाको विभिन्न शहरको भ्रमणमा थिएँ । क्यानाडाको एक प्रख्यात शहर मोन्ट्रिएल पुगेको बेला एउटा पसल देखें । त्यस पसलको नाम थियो 'बुद्ध आर्ट' र त्यस पसलमा केवल बुद्धसम्बन्धी अनेक सामग्री बिक्रीका लागि राखिएका थिए । त्यो पसल एकजना भारतीय मूलका व्यक्तिले सञ्चालन गरेका थिए । त्यस पसलमा राखिएका बुद्धसम्बन्धी सामग्री अति रोचक र सुन्दर थिए । जानकारीमूलक पनि थिए । मेरो मनमा जिज्ञासा उत्पन्न भयो । मैले त्यस पसलका बिक्रेतालाई प्रश्न गरे–"बुद्ध सम्बन्धी यी सामग्रीहरू यहाँ (मोन्ट्रिएल) कुन देशबाट आयात गरिन्छ ?" उनले उत्तर दिए–"भारतबाट ।" मैले पुनः प्रश्न गरें–"नेपालबाट आयात हुँदैन ?" उनले भने–"केवल ८ देखि १० प्रतिशत सामग्री मात्र नेपालबाट आयात हुन्छ । नेपालबाट आयात गर्न निकै झन्झट छ ।"

क्यानाडा र अमेरिकाका अनेक शहरमा रहेका नेपाली वस्तु बिक्री गर्ने अनेक पसलका सञ्चालकहरूसँग नेपाली वस्तु उनीहरूको पसलमा राख्नेबारे कुरा गर्दा नेपाली वस्तुहरू आयात गर्न अनेक किसिमका झन्झट र कठिनाई रहेको उनीहरूले उल्लेख गरेको मैले पाएको छु ।

खास परिस्थितिमा निर्माण भएको यो नयाँ प्रकृतिको सरकारले प्रभावकारी नीति, नियम र व्यवस्थाहरू निर्माण गरेर नेपाली व्यापारीहरूलाई मौलिक नेपाली वस्तु संसारका अनेकौं शहरमा निर्यात गर्न प्रोत्साहित गर्ने हो भने हामीले ठूलो परिमाणमा मौलिक नेपाली वस्तुहरू निर्यात गर्न सक्छौं । नेपाली वस्तुहरू ठूलो परिमाणमा निर्यात गरेर देशमा उद्योग–व्यापार विस्तार गर्न सक्छौं । रोजगारका नयाँनयाँ अवसर सृजना गर्न सक्छौं ।

हामीसँग अनेक व्यापारिक अवसरहरू छन् । हामीसँग स्रोत र साधनको अभाव पनि छैन । यी सब हुँदाहुँदै पनि हामीले उद्योग र व्यापारको क्षेत्रमा अपेक्षित विकास गर्न सकेका छैनौं । यस्तो हुनुको मुख्य कारण सरकार स्थिर नहुनु हो । निर्यात व्यापारलाई सरल र प्रभावकारी बनाउने निर्यात नीति निर्माण नहुनु हो । वैदेशिक व्यापारलाई लाभदायक बनाउन हामीले निर्यात व्यापार सरल बनाउनु नै पर्छ । आशा गरौं, केपी ओली नेतृत्वको र नयाँ प्रकृतिको यो सरकारले यसतर्फ ध्यान दिनेछ । यो सरकार स्थिर हुनेछ ।



**बायो ग्याँस प्लान्टः** दाङको घोराही उपमहानगरपालिका–१६ स्थित करौतीडाँडामा निर्माण गरिएको बायोग्याँस प्लान्ट । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल ऊर्जा विकास कम्पनी प्रालि र घोराही उपमहानगरपालिकाबीच त्रिपक्षीय सहकार्यबाट फोहोरबाट ग्याँस उत्पादन गर्न थालिएको हो । एक हजार ५०० घरधुरीको लक्ष्य राखेर बनाइएको बायोग्याँस प्लान्टबाट हाल घोराही–१६ गरुवागाउँका ३१ घरधुरीले पाइपमार्फत गएको ग्याँस प्रयोग गरिरहेका छन् । तस्बिरः कुलदीप न्यौपाने/रासस

## पर्साको सुपौलीमा इलाका प्रशासन कार्यालय

वीरगंज (पर्सा), ३ साउन/रासस

जिल्ला प्रशासन कार्यालय, पर्साले आफ्नो कार्यालयको सेवा विस्तार गर्न जीराभवानी गाउँपालिका–४ स्थित सुपौलीमा इलाका प्रशासन कार्यालय स्थापना गर्ने भएको छ ।

कार्यालयको सेवाप्रवाहलाई जनतामैत्री बनाउनका लागि इलाका प्रशासन कार्यालय विस्तार गर्न लागिएको हो । पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भदौ पहिलो साताभित्रै इलाका प्रशासन कार्यालय सुपौली सञ्चालनमा ल्याउनेगरी तयारी थालेको बताए ।

"कार्यालयको सेवाप्रवाहलाई जनतामैत्री बनाउनका लागि इलाका प्रशासन कार्यालय, सुपौली सञ्चालनमा ल्याउन खोजेका हौं"–उनले भने–"इलाका प्रशासन कार्यालयको भवन तयार भइसकेको छ । कार्यालय भवनको प्राविधिक मूल्याङ्कन भएर हस्तान्तरणको प्रक्रिया अघि बढिरहेको छ । सम्भवतः भदौको पहिलो साताभित्रै इलाका प्रशासन कार्यालय सञ्चालन गर्ने तयारीमा जुटेका छौं ।"

प्रमुख जिल्ला अधिकारी भुसालले इलाका प्रशासन कार्यालय सञ्चालनमा आएसँगै पर्साका ग्रामीण भेगका जनता नागरिकता, राष्ट्रिय परिचयपत्रलगायत सेवा लिन वीरगंज धाउनुपर्ने बाध्यता अन्त्य हुने बताए । "इलाका प्रशासन कार्यालयले पहिलो चरणमा जीराभवानी, जगरनाथपुर, धोबिनी र ठोरी गाउँपालिकाका जनतालाई सेवा प्रवाह गर्नेछ ।"

जीराभवानी गाउँपालिकाका–४ का स्थानीय रामप्रवेश सिसौरियाले इलाका प्रशासन कार्यालय सञ्चालनमा आएसँगै नागरिकता, राष्ट्रिय परिचयपत्रलगायत कागजात बनाउन सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य हुने बताए । "आफ्नै गाउँघरमा इलाका प्रशासन आउनु पक्कै पनि सुखद खबर हो"–उनले भने–"वीरगंज जानुपर्दा एकातर्फ समय र अर्कोतर्फ पैसा पनि खर्च हुन्छ । यो सञ्चालनमा आएसँगै त्यो अप्ठेरोपन हट्ने विश्वास लिएका छौं ।" कार्यालय सञ्चालन भएसँगै यहाँका जनताको २७ किलोमिटर टाढा वीरगंज धाउनुपर्ने बाध्यता अन्त्य हुनेछ । इलाका प्रशासन कार्यालय सञ्चालनमा आएको केही महीनाभित्रै राहदानी सेवा पनि थप गर्ने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

इलाका प्रशासन कार्यालयमा शाखा अधिकृतको नेतृत्वमा ६ जना कर्मचारी रहने छन् । नायब सुब्बा एक, खरिदार एक र दुईजना कम्प्युटर अपरेटर तथा एकजना कार्यालय सहयोगी रहने छन् । इलाका प्रशासन भवन रु एक करोड ९६ लाखको लागतमा निर्माण भएको हो ।

## मुसहर समुदायलाई बीमाको साथ

महोत्तरी, ३ साउन/रासस

मधेसमा मुसहर समुदायलाई 'न राख्ने अन्न, न सञ्चय गर्ने धन'का रूपमा उभ्याइन्छ । गुजाराको सहारा कृषि मजदूरी पेशाका मुसहर एक दिन बनी गर्न (मजदूरी गर्न) नजाने हो भने घरमा चुलो बल्दैन । 'कमाइ ल्यायो, भुटी खायो' मुसहरको जीवन पद्धति नै बनेको छ ।

पराले झुप्रो र त्यसले ओगटेको जग्गाबाहेकको सम्पत्ति मुसहरसँग छैन । हातपाखुरा चलुन्जेल बनीबूतो गर्ने, पाखुरा चल्न छाडेपछि जीवनयापन कठिन हुन्छ । यस्तो परिवेशका मुसहरका लागि एकमुस्ट रु एक लाख ठूलो हो । यो रकम पाउँदा बर्दिबास–१२ विजलपुरा चल्कीटोलका परीक्षण सदाले केही ठम्याउन सकेनन् ।

सदाले रु एक लाखको चेक बुझे । अतिविपन्न तथा सीमान्तकृत समुदायमा पर्ने मुसहरको सामूहिक लघु जीवन बीमा गत चैतदेखि अभियानकै रूपमा गरिदिएपछि सदालाई पत्नी वियोगको दुःखको बेला उक्त सहारा मिलेको हो । उनकी पत्नी रामरतीको निधन भएपछि बीमाबापतको रकम उनले प्राप्त गरेका हुन् ।

चैत पहिलो साता बर्दिबास–१४ को मुसहर बस्तीबाट थालिएको उक्त अभियान अन्तर्गत गत वैशाख २१ गते बर्दिबास–१२ चल्कीका १८ देखि ५९ वर्षभित्रका २०८ जनाको तीन वर्षे सामूहिक जीवन बीमा गरिएको थियो । 'लिबर्टी लाइफ इन्स्योरेन्स' कम्पनी बर्दिबास शाखामा गरिएको मुसहर समुदायको बीमा रकम एकमुस्ट बर्दिबास नगरपालिकाले जम्मा गराएको हो ।

बर्दिबास नगरपालिकाको यो अभियानबाट लाभान्वित हुने सदा मुसहर समुदायको पहिलो व्यक्ति बनेका छन् । बीमा रकम भुक्तानी प्रक्रिया झन्झटिलो हुने आम प्रतिक्रियाबीच लिबर्टी लाइफ इन्स्योरेन्स कम्पनी बर्दिबास शाखाले बस्तीमैं पुगेर सदालाई एक लाख रकमको चेक बर्दिबास नगरपालिकाकी उपप्रमुख तारादेवी महतो र प्रवक्ता विजयकुमार महतोले संयुक्तरूपमा प्रदान गरे । गत असार २ गते निधन भएकी रामरतीका पति सदाले एक महीनाभित्रै सो रकम प्राप्त गरेका हुन् ।

"हामी मुसहर समुदायलाई जीवन बीमाको महत्त्व कामबाटै देखाउन चाहन्थ्यौं, रामरतीको मृत्युपछि आवश्यक कागजात जुटाएर रकम दिन सदाको घरै पुग्यौं," लिबर्टी लाइफ इन्स्योरेन्स कम्पनी बर्दिबास शाखाका प्रबन्धक रवीन्द्रकुमार मिश्र भन्छन्, "रकम हात परेपछि मुसहर समुदायमा जीवन बीमाबारे सकारात्मक चासो बढेको पाएका छौं ।"

आफूले थालेको सानो कामले अहिले विपन्न मुसहर समुदायका लागि भरोसा बनेको देख्दा कामप्रति सन्तोष लागेको बर्दिबास नपाका प्रमुख प्रह्लादकुमार क्षत्री बताउँछन् । बर्दिबास नगर क्षेत्रका तीन सयभन्दा बढी सङ्ख्यामा रहेका मुसहरको तीन वर्षे अवधिको लघु जीवन बीमा गरिएको छ ।

अति सीमान्तकृत मानिने मुसहर समुदायका लागि बर्दिबास नगरपालिकाले जीवन बीमाका अतिरिक्त उमेर पुगेर (२० वर्ष पुगेर) बिहे गर्ने मुसहर जोडीलाई रु ५० हजार नगद प्रोत्साहनबापत दिने गरेको छ । यो गत चैत ५ गते नगरप्रमुखको घोषणासँगै कार्यान्वयनमा आएको बर्दिबास–१४ का अध्यक्ष तथा नगर कार्यपालिकाका प्रवक्ता विजयकुमार महतोले बताए ।

मुसहर समूहले पछिल्लो समय यी क्षेत्रबारे चासो राख्न थालेको छ । "बिस्तारै बीमाको महत्त्व बुझ्दैछौं," बर्दिबास–१४ मुसहर बस्तीकी ७० वर्षीया मानकी सदा भन्छिन्, "अब हाम्रा सन्तानले धेरै कुरामा चासो बढाउनेछन् ।"

जिल्लाका १५ वटै स्थानीय तहमा बसोबास रहेको मुसहर समुदायको जिल्लामा कुल जनसङ्ख्या राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अभिलेखमा २७ हजार ३५२ उल्लेख छ । लेखपढ गर्न जान्ने उनीहरू कमै छन् । यस समुदायबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गर्नेको सङ्ख्या न्यून छ ।

बर्दिबास जस्तै जिल्लाका अन्य स्थानीय तहमा पनि मुसहरलाई आर्थिक, सामाजिक र राजनीतिक अवसर प्रदान गर्न पहलकदमी गनुपर्ने भङ्गाहा–३ का सिमल सदा बताउँछन् । मुख्यरूपले आफ्नो समुदायका लागि शिक्षामा जोड दिन आवश्यक रहेको उनको भनाइ छ ।

# ग्रामीण अर्थतन्त्रका लागि सहकारी क्षेत्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**विशेषगरी कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय छ। सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति देखाउन सकेको छैन। यसले गर्दा पनि मुलुकको दिगो आर्थिक विकासमा सहकारी क्षेत्रलाई समाहित गर्नु अपरिहार्य छ।**

सहकार्य अर्थात् सहकारिताले आपसमा मिलेर काम गरौं भन्ने भावना जगाउँछ। बसाइ, काम र चिन्तनको मिलिजुली रूप नै सहकारिता हो। यो अवधारणाबाट प्रेरित भई सहकारीको विकास भएको पाइन्छ। 'एकका लागि सबै र सबैका लागि एक' भन्ने सिद्धान्तबाट प्रेरित भई व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक हित तथा सामाजिक समुन्नतिका लागि गरिने एकताबद्ध प्रयास नै सहकारी हो। समाजशास्त्रीको नजरमा सहकारिता सामाजिक उत्पीडनबाट मुक्ति प्राप्त गर्ने साधन हो भने प्राविधिकरूपमा यसलाई एउटा व्यावसायिक कौशलको रूपमा लिइएको छ। सहकारीको माध्यमबाट आर्थिक असमानता हटाई आत्मनिर्भरता प्राप्त गर्न सकिन्छ। स्वैच्छिक तथा खुला सदस्यता, सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण र आर्थिक सहभागिता, स्वायत्तता, स्वतन्त्र, शिक्षा, तालीम र सूचना, सहकारीबीच पारस्पारिक सहयोग तथा समुदाय र वातावरणप्रति चासो नै सहकारी आन्दोलनका आधारभूत सिद्धान्त हुन्। तर पछिल्लो समय नेपालको सहकारी क्षेत्र बेथिति नै बेथितिले गाँजिएको छ। नियमनकारी निकायले ठोसरूपमा यो क्षेत्रमा व्यवस्थापन, अनुगमन र नियमन गर्न नसक्दा यो क्षेत्रमा बेथिति चुलिएको हो।

मुलुकको समग्र अर्थतन्त्रको विकास र आर्थिक रूपान्तरणका लागि सहकारी क्षेत्रको ठूलो भूमिका रहे पनि यो क्षेत्रमा देखिएको बेथितिले पछिल्लो समय मुलुकको अर्थतन्त्रलाई नै समस्याग्रस्त बनाएको छ। सरकारले सहकारीलाई अर्थतन्त्रको एउटा महत्त्वपूर्ण खम्बाको रूपमा मानेको छ। अर्थतन्त्रको तीन खम्बामध्ये निजी क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी सँगसँगै हिंड्नुपर्ने हुन्छ। तर, सहकारीमा प्रभावकारी नियमन तथा सुशासन कायम हुन नसक्दा यसप्रति दिनानुदिन जनविश्वास घट्दै गएको छ। सहकारी संस्थामा सुशासन कायम नहुने, सञ्चालकहरूको मनलाग्दी हुने, सामूहिकभन्दा निजी स्वामित्वजस्तो गरेर विचार/व्यवहार गर्नेजस्ता कारणले धेरै सहकारी सङ्कटमा परेका छन्। सहकारीमा सम्पत्ति शुद्धीकरणसमेत लागू हुन सकेको छैन भने कतिपय सहकारीमा कालोधन थुप्रिएको आशङ्का गरिएको छ। ती सबै विकृति नियन्त्रण गर्न सहकारीमा सुशासन र पारदर्शिता हुनु अनिवार्य छ। सहकारीहरू भनेका बैंक होइनन्, उनीहरूले बैंकले जस्तो कारोबार गर्न पाउँदैनन्, तर सहकारीले बैंकहरूलाई नै चुनौती दिंदै कारोबार गर्दै आएका छन्।

सहकारी ऐन २०४८ ले सहकारीहरूले विभिन्न नाममा मुद्दती खाता सञ्चालन गर्न, चेकबाट कारोबार गर्न, शाखा कार्यालयहरू विस्तार गर्न, गैरसदस्यमा कारोबार गर्न वर्जित गरेको छ। तर अधिकांश सहकारीहरूले त्यस्ता काम गर्दै आएका छन्, जसले गर्दा सर्वसाधारणको पैसा जोखिममा परेको छ। चर्को ब्याज, सुशासनको कमी र पारदर्शी वित्तीय कारोबार सहकारीबाट हुन नसकेको जनगुनासो आउने गरे पनि बचतकर्ता, बचतको अधिक प्रतिशत ब्याज पाउने आशाले सहकारीमा बचत गरिरहेका थिए। जसबाट सहकारी सञ्चालन निकै सहज भइरहेको थियो।

सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई बजारमा धेरै माग भएका विविध वस्तुहरू उत्पादन गर्न प्रेरणा दिन सक्छ। उत्पादित वस्तुहरूको ग्रेड अनुसार आफ्ना सदस्यहरूलाई रकम भुक्तानी गरेर सहकारी संस्थाले उचित उपज, उचित परिमाणमा, उचित समयमा बजार पुऱ्याउन सल्लाह दिन सक्छ। बीउ छर्नेदेखि बजार पुऱ्याउनेसम्म वैज्ञानिक सीप र दक्षता अनुसार उत्पादनको परिष्कार गर्न आवश्यक क्रियाकलापमा सहयोगी बन्न सक्छ। यस सन्दर्भमा बहुउद्देश्यीय सहकारीले विविध विषयमा परामर्श दिन सक्छ भने बजारसँग सम्बन्धित सहकारीले बजारका विषयमा परामर्श दिन सक्छ। सहकारी बजार व्यवस्थापनले कृषकहरूमा आफ्ना उत्पादित वस्तुको मोलमोलाइ गर्ने क्षमतामा पनि सुधार ल्याउँछ र ठूलो परिमाणमा व्यवसाय गर्ने थोक व्यापारीसँग आफूलाई समान तुल्याई दरिलो वार्तालाप गर्न र भाउ तोक्न सक्ने क्षमता पनि विकास गराउन सक्छ। यसका साथै सहकारीले कृषकको समस्यालाई सम्बन्धित निकायमा पुऱ्याउन सहयोग गर्न सक्छ। सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई आवश्यक पर्ने कृषि सामग्री, जस्तै-बीउ, मल, कीटनाशक औषधि, कृषि औजार र अन्य उपयोग्य वस्तु थोक मूल्यमा खरीद गरेर सस्तो मूल्यमा आपूर्ति गर्न सक्छ। सहकारी संस्थाले थोक व्यापारीहरूलाई आफ्ना उपज नियमित र बढी आश्वस्त हुनेगरी आपूर्ति गर्न सक्छ। सहकारी बजार व्यवस्थापनबाट त्यस्ता ठाउँमा कुशल बजार व्यवस्थापन सेवा प्रदान गर्न सकिन्छ, जुन ठाउँमा यस अघि त्यस्तो सेवाको प्रचलन थिएन। यस्तो बजार व्यवस्थापनबाट कृषकहरूले आफ्ना उपजबाट राम्रो प्रतिफल प्राप्त गरेर आम्दानी बढाउन सक्छन्। बजार मूल्य स्थिर बनाउन विभिन्न बजारहरूको निरीक्षण गरी राम्रो बजारको खोजी गर्न सक्छन्। बजार व्यवस्थापन गर्ने सहकारीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार, बालीका गुण र जात, थोक तथा खुद्रा मूल्य, अरू क्षेत्रका उपज, मागको उतारचढाव, उपजको सङ्कलन, ग्रेडिङ, भण्डारण, प्याकिङ, बिक्री र ढुवानी आदिबारे सूचना उपलब्ध गराउने र प्रचारप्रसार गर्नेजस्ता धेरै काम गर्न सक्छन्।

हुनत नेपालमा अहिलेसम्म आफ्नै छुट्टै बजार सञ्चालन गर्ने सहकारी संस्थाहरू दर्ता हुन सकेका छैनन्। हाल आएर अधिकांश कृषि सहकारीहरू बजार व्यवस्थापन क्रियाकलापहरूमा बिस्तारै संलग्न हुन थालेका छन्। विभिन्न कारणले गर्दा सहकारी संस्थाहरूले बजार व्यवस्थापनका धेरै समस्याको सामना गरिरहेका छन्। तीमध्ये केही प्रमुख समस्या यस्ता छन् -धेरैजसो कृषि सहकारीहरूले गहुँ, उखु, धान र अरू केही कृषि उपजमा मात्र आफूलाई सीमित राखेका छन्। यस्तै दुग्ध व्यवसायमा भने सहकारी संस्थाहरू प्रशस्त छन्। मुलुकको पछिल्लो आर्थिक सर्वेक्षण, २०८०-८१ का अनुसार गत आवको फागुन मसान्तसम्म मुलुकभर ३१,४५० सहकारी संस्था छन्। सहकारी क्षेत्रमा २०८० असारसम्म ९३,७७१ व्यक्ति प्रत्यक्ष रोजगारमा संलग्न रहेकोमा २०८० फागुनसम्म यस्तो सङ्ख्या ९४,००२ पुगेको तथ्याङ्क छ। मुलुकभर विभिन्न प्रकृतिका सहकारीहरूको सो अवधिसम्म सेयर सदस्य सङ्ख्या ७३,८३, ५२८ पुगेको छ। सो अवधिमा सहकारीका ९४ अर्ब ७२ करोड सेयर पूँजी तथा ४ खर्ब ७८ अर्ब ११ करोड बचत परिचालन भई ४ खर्ब ३ करोड कर्जा प्रवाह भएको छ। सहकारी गतिविधिलाई विश्वसनीय र पारदर्शी बनाउन र एकीकृत तथ्याङ्क व्यवस्थापन गर्न 'सहकारी तथा गरीबी सूचना व्यवस्थापन प्रणाली' विकास गरिएको छ।

नेपालको १६ औं राष्ट्रिय योजनामा (आव २०८१/२०८२-२०८५/२०८६) मा सहकारी क्षेत्र विकास कार्यक्रम अन्तर्गत सहकारीको वर्गीकरण, एकीकरण र संरचनागत सुधार, आन्तरिक लेखा परीक्षण सुदृढीकरण एवं प्रमाणीकरण गर्ने कार्यक्रम राखिएको छ। त्यस्तै सहकारी सञ्चालनमा व्यवस्थापकीय सीप एवं दक्षता प्रयोग गर्ने, बचत तथा ऋण कारोबार गर्ने, सहकारीको वासलात तथा कारोबारका आधारमा नियामकीय व्यवस्थापन गर्ने कार्यक्रम पनि राखिएको छ। यसका साथै उत्पादनमूलक सहकारीको उत्पादन, ब्रान्डिङ र बजारसँग आबद्धता र सहकारी संस्थाहरूको सघन अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यक्रम पनि सो योजनामा राखिएको छ। सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनु आवश्यक छ। यसले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजी एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगार वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्छ। विशेषगरी कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय छ। सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति देखाउन सकेको छैन। यसले गर्दा पनि मुलुकको दिगो आर्थिक विकासमा सहकारी क्षेत्रलाई समाहित गर्नु अपरिहार्य छ।

नेपालमा ग्रामीण अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने विभिन्न उत्पादन क्षेत्रहरूमध्ये सहकारी क्षेत्र पनि पर्छ। सहकारी क्षेत्रलाई योजनाबद्धरूपमा उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराउनुपर्ने देखिन्छ। समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजी एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगार वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरूको आर्थिक तथा सामाजिक रूपान्तरण गरी समृद्ध समाज निर्माण गर्न सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन आवश्यक छ। यसै पृष्ठभूमिमा सहकारी क्षेत्रसम्बन्धी योजना तर्जुमा गर्नुपर्ने देखिएको छ। सहकारी ऐन नियममा समय सापेक्ष परिमार्जन हुन नसक्नु, आर्थिक आयामका धेरै क्षेत्रमा सहकारी पद्धतिको व्यवसायलाई प्रोत्साहन गर्ने नीतिको अभाव हुनु, आम नागरिकमा सहकारीको उपयोग र उपादेयताबारे पर्याप्त जानकारी नहुनु र उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउन नसक्नुजस्ता धेरै किसिमका समस्या र चुनौती रहेका छन्। पछिल्लो समय सहकारी बजार व्यवस्थापनलाई सुनिश्चित र सफल बनाउन सबल नेतृत्व आवश्यक छ। सही नेतृत्व छनोट हुनु आवश्यक छ। साथै, नेतृत्व विकासको लागि आवश्यक तालीमको व्यवस्था हुनुपर्छ। कुशल व्यवस्थापन अति आवश्यक भएको हुँदा प्रभावशाली व्यवस्थापन सुनिश्चित गर्न सही प्रणाली, सदस्यहरूको सहभागिता र समय-समयमा व्यवस्थापनसम्बन्धी तालीम उपलब्ध हुनुपर्छ। बजारको स्थितिको जानकारी सदैव हुनुपर्छ र नयाँ गतिविधिहरूको अनुगमन हुनुपर्छ। बजारको स्थिति र सूचनाहरूको विश्लेषण गरी सही निर्णय गर्न सके क्षमता अभिवृद्धि हुन सक्छ।

अहिले सरकारले सहकारी संस्थाको अनुगमन तथा सहकारी एकीकरणलाई प्राथमिकतामा राखेको छ। तर सहकारी सञ्चालनमा रहेका कठिनाई, कार्यक्षेत्र, सहकारीभित्र सञ्चालकको भूमिका, वित्तीय अवस्था, ऋण कारोबार, बचत रकम, सेयर पूँजी, सहकारीको उद्देश्य, राज्यको सहयोगविना सहकारीले ठूला वित्तीय संस्थासँग गर्नुपरेको प्रतिस्पर्धा, सहकारीको कर्जा जोखिमको अध्ययन गरेर मात्र सरलीकरण गरी कार्ययोजना बनाएर अगाडि बढ्नुपर्नेजस्ता मुख्य विषय सरकारको प्राथमिकतामा परेको छैन। राज्यले सहकारीको ब्याजदर निर्धारण, अनुगमन, एकीकरण गरेर केही सुधार त होला तर परिणाममुखी सुधार ल्याउन सहकारी सुशासनसम्बन्धी शिक्षा अपरिहार्य छ। यसरी सरकारले प्रभावकारी कानून बनाए पनि सदस्यहरूमा सहकारी सुशासन शिक्षाको कमी र नियामक निकायको फितलो अनुगमन रहँदासम्म सहकारी संस्थामा प्रभावकारी सुधार आउन सक्दैन। आधारभूत मूल्य-मान्यता, उद्देश्य, सिद्धान्त, सहकारी ऐन, नियमावली तथा संस्थाको आन्तरिक विनियमबारे सामान्य जानकारीसमेत नहुनेहरूको भीड बनेको देखिन्छ सहकारी। वास्तवमा सहकारी सामाजिक व्यवसाय हो। यसले सामाजिक र सामुदायिकरूपमा पूँजी, सुरक्षा, समावेशीकरण, एकता र समृद्धिको यात्रा तय गर्छ।

समुदायलाई स्वामित्व, निर्णय अधिकार, उत्पादन, वितरण, उपभोग र मुनाफा वा नोक्सानमा सहभागिता आदि विशेषताका कारण सहकारी अरूभन्दा पृथक छ। त्यसैले सहकारी सञ्चालनमा पुरानो शैलीमा परिवर्तन आउन सकेको छैन। त्यसैले सामाजिक उत्तरदायित्व, समविकास, सुशासन र एकीकरणमा रहेका सहकारीलाई कर छुट दिने, विकासका विभिन्न आयामसँग सहकार्यका लागि कानूनले प्रोत्साहन गर्नुपर्छ। सहकारीमार्फत सामूहिक उद्यम, उद्योग, व्यवसाय, स्वरोजगार, ग्रामीण कृषिमा रूपान्तरण ल्याउन सहयोग पुग्नुपर्छ। सहकारीको दुरुपयोग रोक्ने र कारबाईका आधार पारदर्शी र कडा बनाउनु पनि आजको आवश्यकता हो। त्यसैले ग्रामीण अर्थतन्त्रको रूपान्तरणका लागि सहकारी क्षेत्रमा सुशासन र पारदर्शिता कायम गर्नु वर्तमान सरकारको प्रमुख मार्गचित्र हुनुपर्दछ।

# शेयर बजारमा उछाल



काठमाडौं, ३ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार झन्डै ६० अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५९ दशमलव ६८ प्रतिशतले उकालो लागेर दुई हजार ४२४ दशमलव ३२ मा पुगेको छ। ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १६ दशमलव ३७ अङ्कले उकालो लागेर ४३६ दशमलव १४ मा पुगेको छ।

नेप्सेका अनुसार कुल तीन करोड ९९ लाख ३८ हजार २३७ कित्ता शेयर रु १८ अर्ब ५४ करोड ८८ लाख ७३८ मा कारोबार भयो। नेपाल इन्भेस्टमेन्ट मेघा बैंक, नेपाल फाइनान्स लिमिटेड, आँखुखोला जलविद्युत् कम्पनी, उपकार लघुवित्त वित्तीय संस्था तथा श्री स्टार हाइड्रोपावर कम्पनीका शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो।

यस्तै, कुमारी सबल योजना पाँच दशमलव ७६, सिन्धु विकास बैंक चार दशमलव ५७, गुहेश्वरी मर्चेन्ट चार दशमलव २२, एनसिसी डिबेन्चर तीन दशमलव ९३ र श्री इन्भेस्टमेन्ट फाइनान्स कम्पनीका लगानीकर्ताले तीन दशमलव ९० प्रतिशतले गुमाए।

# रासायनिक मलको अभाव छैन



जनकपुरधाम, ३ साउन/रासस

धनुषा तथा महोत्तरीमा रासायनिक मल अभाव नरहेको कृषि सामग्री कम्पनी लिमिटेडले जनाएको छ।

उक्त कार्यालयका प्रमुख बेचनकुमार साहका अनुसार मलको पर्याप्त मौज्दात रहेको तथा सहकारी संस्थामार्फत ढुवानी तथा बिक्री वितरण भइरहेको छ।

दुवै जिल्लाका नगरपालिका तथा गाउँपालिकालाई निर्धारण गरिएको 'कोटा' अन्तर्गत सहकारी संस्थामार्फत मल बिक्री वितरण हुने प्रावधान छ। सोही अनुसार मल वितरण गरेको उनले जानकारी दिए। हाल युरिया ९०० मेट्रिक टन, डिएपी मल ८४ मेट्रिक टन तथा पोटास ५८ मेट्रिक टन मौज्दात छन्।

कृषि सामग्री कम्पनीबाट धनुषा र महोत्तरीका २७ पालिका अन्तर्गतका २०९ वटा सहकारी संस्थामार्फत मल बिक्री भइरहेको छ। भारतसँग सीमा जोडिएका पालिकाका किसानले भने भारतीय बजारबाट मल खरीद गर्ने गरेको किसानले जनाएका छन्।

कार्यालयले आव २०८०/८१ मा रु ३५ करोड ५५ लाख बराबरको चार सय मेट्रिक टन मल बिक्री गरेको जनाएको छ। उक्त आवमा रु ११ करोड ५५ लाख ४१ हजारको ९२.५५ मेट्रिक टन युरिया, रु २३ करोड ७८ लाखको १५० मेट्रिक टन डिएपी तथा रु ७० लाख ८४ हजारको ५९६ मेट्रिक टन पोटास र रु छ लाख ७२ हजार मूल्यको ८४ मेट्रिक टन चुन बिक्री भएको छ।

धनुषामा ४२ हजार हेक्टरमा धानखेती हुँदै आएको तथा हालसम्म ७० प्रतिशत रोपाइँ भएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ।

# तिङ्करनाका खुलेसँगै व्यापारीको चहलपहल बढ्यो

खलङ्गा (दार्चुला), ३ साउन/रासस

नेपाल-चीन सीमानाका तिङ्कर आवागमनका निम्ति खुलेसँगै सीमा क्षेत्र वरपर व्यापारीको चहलपहल बढ्न थालेको छ।

बुधवार व्यास गाउँपालिका-१ छाङरुका १५ र तिङ्करका १२ गरी २७ जना व्यापारी उक्त नाका हुँदै चीनको स्वशासित क्षेत्रतर्फ प्रस्थान गरेका प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशीले जानकारी दिए।

चीन प्रवेशका लागि दार्चुलाका १८७ जनाले अनुमति लिएका छन्। कोरोनाकालदेखि बन्द रहेको तिङ्कर नाका हालै खुलेको हो। नाकामा अन्य स्थानीय व्यापारी र चिनियाँ नागरिकबीच स्थानीय उत्पादन तथा दैनिक उपभोग्य सामग्री खरीद-बिक्री हुने गरेको छ।

# तीन सयले घट्यो सुनको मूल्य

काठमाडौं, ३ साउन/रासस

स्थानीय बजारमा पहेंलो धातुको मूल्य बिहीवार तोलामा रु तीन सय घटेको छ। बुधवार प्रतितोला रु एक लाख ४९ हजार आठ सयमा कारोबार भएको छापावाला सुनको मूल्य आज भने रु एक लाख ४९ हजार पाँच सय निर्धारण भएको छ। बुधवार सुनको मूल्यले नयाँ कीर्तिमान कायम गरेको थियो।

त्यस्तै, बुधवार प्रतितोला रु एक लाख ४९ हजार एक सयमा कारोबार भएको तेजाबी सुन आजका लागि भने रु एक लाख ४८ हजार आठ सय निर्धारण भएको छ। त्यस्तै, चाँदीको मूल्य तोलामा रु ३५ घटेको छ। बुधवार प्रतितोला रु एक हजार ८९५ मा कारोबार भएको चाँदी आजका लागि रु एक हजार ८६० निर्धारण भएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्तकुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. प्रियंका चौधरी, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## गाजापट्टीमा रोगको सङ्क्रमण रोक्न सङ्घर्ष -युएनआरडब्लुए



गाजा, ३ साउन/सिन्ह्वा

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए)ले बुधवार गाजापट्टीमा विस्थापित भएका मानिसहरूमा रोगको सङ्क्रमण रोक्न सङ्घर्ष गरिरहेको बताएको छ।

“उच्च तापक्रम, भीडभाड, पानीको अभाव र व्यक्तिगत स्वच्छताका सामग्री र कीटाणुनाशक जस्ता स्वास्थ्य स्रोत आपूर्तिको गम्भीर अभावले विस्थापितहरूमा छालाको सङ्क्रमण र ब्याक्टेरिया प्रदूषणमा वृद्धि भएको छ”–युएनआरडब्लुएले सामाजिक सञ्जाल एक्समार्फत जानकारी गराएको छ।

आफूसँग भएको सीमित स्रोत र उपचार सामग्रीले रोगको सङ्क्रमण नियन्त्रण गर्न र स्वास्थ्य केन्द्रमार्फत यस्तै मामिलाहरूको बढ्दो रोकथाम गर्न ठूलो प्रयास गरिरहेको युएनआरडब्लुएले जनाएको छ।

एजेन्सीले गाजामा सकेसम्म चाँडो युद्धविराम आवश्यक रहेको कुरामा जोड दिएको छ।

पछिल्लो २४ घण्टामा इजरायली आक्रमणबाट ८१ जनाको ज्यान गएको छ भने १९८ जना घाइते भएका छन्।

यससँगै प्यालेस्टिनी–इजरायली द्वन्द्व शुरू भएदेखि हालसम्म कुल मृत्यु सङ्ख्या ३८ हजार ७९४ पुगेको छ भने घाइते हुनेको सङ्ख्या ८९ हजार ३६४ पुगेको गाजामा आधारित स्वास्थ्य अधिकारीहरूले बताएका छन्। रासस

## अस्ट्रेलियामा बेरोजगारी दर वृद्धि

क्यानबेरा (अस्ट्रेलिया), ३ साउन/सिन्ह्वा

अस्ट्रेलियाको बेरोजगारी दर जून महीनामा बढेर ४.१ प्रतिशत पुगेको छ। यस अघि मे महीनामा बेरोजगारी दर चार प्रतिशत रहेको अस्ट्रेलियन ब्युरो अफ स्टचाटिस्टिक्स (एबिएस)ले बिहीवार प्रकाशित गरेको आधिकारिक श्रम बलको तथ्याङ्कले देखाएको छ।

तथ्याङ्क अनुसार गत मे–जून महीनाबीच कार्यरत अस्ट्रेलियालीको सङ्ख्या ५० हजार २०० ले बढेको थियो। सोही अवधिमा बेरोजगारी अस्ट्रेलियालीको सङ्ख्या नौ हजार ७०० ले बढ्दा बेरोजगारी दर वृद्वि भएको हो।

सहभागिता दरले काम गर्ने उमेरका अस्ट्रेलियालीको अनुपात मापन गर्छ। जसको सङ्ख्या मे महीनामा ६६.८ प्रतिशतबाट बढेर जूनमा ६६.९ प्रतिशत पुगेको छ।

जून महीनामा सहभागिता दर सन् २०२३ नोभेम्बरमा ६७ प्रतिशतको ऐतिहासिक उच्चभन्दा ०.१ प्रतिशत मात्र कम रहेको एबिएसका श्रम तथ्याङ्क प्रमुख ब्योर्न जार्विसले विज्ञप्तिमार्फत उल्लेख गरे।

समग्रमा अस्ट्रेलियामा ५,०८,२०० बेरोजगारी व्यक्तिले जून महीनामा सक्रियरूपमा काम खोज्दै गरेको जार्विसले जनाए। यसैगरी, बेरोजगारीहरू सन् २०२२ अक्टोबरमा ४,०१,००० ले बढे तापनि कोभिड–१९ महामारीको तुलनामा एक लाख मानिस कम रहेको उनले उल्लेख गरे।

बेरोजगारी दर गत वर्ष जून महीनाको तुलनामा ०.५ प्रतिशत बढी र सन् २०२० मार्चको तुलनामा १.१ प्रतिशतले कम रहेको उनले बताए।

एबिएसको तथ्याङ्क अनुसार अस्ट्रेलियालीले काम गर्ने घण्टाको सङ्ख्या मे–जून महीनाबीच ०.८ प्रतिशतले बढेको छ।

बिरामी भएकाले ४.५ प्रतिशत अस्ट्रेलियालीले जून महीनामा सामान्य समयको जस्तो काम गर्न नसकेको जार्विसले बताएका छन्। रासस

## मृत्यु अपरिहार्य छ : भारतीय प्रवचक

नयाँ दिल्ली, ३ साउन/एएफपी

भारतमा आयोजित एक धार्मिक भेलामा भएको घातक भागदौडमा १२० भन्दा बढी मानिसको ज्यान गएको घटनाको समीक्षा गर्दै एकजना भारतीय प्रवचकले भाग्यलाई चुनौती दिन नसकिने र मृत्यु अपरिहार्य रहेको बताएका छन्।

उत्तरी शहर हाथरसमा आयोजित हिन्दू धार्मिक सभामा जुलाई २ मा भएको भागदौडमा १२१ जनाको मृत्यु भएपछि पहिलोपटक सञ्चारमाध्यमसमक्ष प्रस्तुत भएका प्रवचक भोलेबाबाले आफू यो त्रासदीबाट दुःखी भएको बताए।

“जे भयो त्यसबाट म धेरै दुःखी छु, तर भाग्यलाई कसले चुनौती दिन सक्छ र ? जो कोही यस पृथ्वीमा आउँछ, उसले एक दिन जानैपर्छ”–उनले भने।

प्रहरी कन्स्टेबलबाट प्रचारक बनेका बाबाले बुधवार भागदौड भएको स्थानबाट करीब ६० किलोमिटर टाढा रहेको कासगंज, धार्मिक मठबाट स्थानीय सञ्चारमाध्यमसँग कुरा गरेका हुन्।

बाबाका वकीलले यस अघि भीडमा रहेका असामाजिक तत्त्वहरू घटनाको जिम्मेवार रहेको बताएका थिए।

प्रवचनमा २,५०,००० भक्तजन उपस्थित थिए। यद्यपि ८०,००० जनालाई मात्र सहभागी गराउन पाइने अनुमति आयोजकहरूसँग थियो। मृत्यु हुनेमध्ये अधिकांश महिला थिए।

भागदौडपछि जारी प्रहरी प्रतिवेदन अनुसार कार्यक्रमका मुख्य आयोजकहरूलाई पक्राउ गर्न खोजिएको थियो, तर भोले बाबालाई पक्राउ गर्न सकिएको थिएन।

अहिलेसम्म उनका ११ जना स्वयंसेवकलाई पक्राउ गरिएको छ।

भारतमा धार्मिक जमघटहरूमा कमजोर भीड व्यवस्थापन र सुरक्षा त्रुटिहरूले गर्दा यस्ता घातक घटनाहरू सामान्य छन्।

सन् २००८ मा उत्तरी शहर जोधपुरको पहाडी मन्दिरमा भएको भागदौडमा २२४ तीर्थयात्रीको मृत्यु भएको थियो भने ४०० भन्दा बढी घाइते भएका थिए। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**पहिरोः** म्याग्दीको बेनी–दरबाङ सडकखण्ड अन्तर्गत बेनी नगरपालिका–४ र मङ्गला गाउँपालिका–२ को सिमानामा पर्ने फापर खेतको पहिरो। यो पहिरोका कारण पश्चिम म्याग्दीको सीधा यातायात सेवा एक सातादेखि अवरुद्ध भएको छ। तस्बिरः ध्रुवसागर शर्मा/रासस

## ‘वर्तमान सत्ता समीकरण २०८४ सालसम्म कायम रहन्छ’

जनकपुर, ३ साउन/रासस

नेपाली काङ्ग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान सत्ता समीकरण आगामी २०८४ सालसम्म कायम रहने बताएका छन्।

जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै नेता निधिले वर्तमान सरकारलाई आआफ्नोतर्फबाट सहयोग गर्न नेता, कार्यकर्तालाई आग्रह गरे। मधेस प्रदेश सरकारमा सहभागिताबारे उनले भने, “मन्त्रालय ठूलो कुरा होइन, मिलेर समस्या समाधान गरेर जानुपर्छ।”



विमानस्थलमा नेता निधिको साथमा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसमेत थिए।

## नेपालगंजमा दुई नयाँ मध्यम प्रसारण लाइन जडान

नेपालगंज, ३ साउन/रासस

बाँकेको नेपालगंज आसपास क्षेत्रका लागि ३३ केभी प्रसारण लाइनमार्फत दुई नयाँ मध्यम प्रसारण लाइन जडान गरिएको छ।

कोहलपुर राष्ट्रिय प्रसारण लाइन (ग्रिड)बाट थप १० मेगावाट विद्युत् लाइन जडान भएको नेपाल विद्युत् प्राधिकरण नेपालगंज वितरण केन्द्रका प्रमुख इन्जिनीयर जगन्नाथ लामिछानेले जानकारी दिए। उनले कोहलपुर–नेपालगंज र धामपुर नयाँ सर्किट जडान भएको उल्लेख गर्दै विद्युत्को माग अनुसार आपूर्ति गरिएको बताए। यसअघि ३० मेगावाट क्षमता मात्रै रहेकामा अब यसको क्षमता ४० मेगावाट पुगेको छ।

“घरायसी प्रयोजनका लागि नै जोडेको हो र यसले नेपालगंजमा गर्मीबाट धेरै राहत मिलेको छ,” इन्जिनीयर लामिछानेले भने। थप भएको प्रसारण लाइनबाट नेपालगंज उपमहानगरपालिकासहित डुडुवा गाउँपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका र केही राप्तीसोनारी गाउँपालिकाका क्षेत्रसमेत यसबाट लाभान्वित हुनेछन्।

बाँकेमा केही महीना अघि आएको हावाहुरीले विद्युत् आपूर्तिमा ठूलो क्षति पुर्‍याएकाले केही ट्रान्सफर्मर नयाँ र केही पुरानाको क्षमता वृद्धि गरिएको छ। नेपालगंज वितरण केन्द्रका प्रमुख इन्जिनीयर लामिछानेले ३० थान दुई सय केभीका नयाँ ट्रान्सफर्मर र एक सय केभीका ८० ट्रान्सफर्मरको क्षमता वृद्धि गरिएको जानकारी दिए।

हावाहुरीका कारण यसबाहेक ७० किलोमिटरका लागि विद्युत् तार तान्न, विद्युत्को लोड व्यवस्थापनका लागि अन्य मर्मतसम्भारसहितका काममा रु एक करोड ८४ लाख खर्च भएको वितरण केन्द्रले जनाएको छ। “आवश्यकता अनुसार जहाँ लोड बढी हुन्छ, त्यहाँ नयाँ ट्रान्सफर्मर जडान गरेका छौं, जहाँ कम लोड छ, त्यहाँ क्षमता वृद्धि गरेर पनि ट्रान्सफर्मर लगाएका छौं,” लामिछानेले भने। विद्युत् लाइनका लागि हावाहुरीले क्षति पुर्‍याएकामा नयाँ खम्बासमेत गाडिएको छ।ण

## आशावादी हुन निजी क्षेत्रलाई अर्थमन्त्रीको आग्रह

काठमाडौं, ३ साउन/रासस

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले मुलुकमा स्थायित्व कायम गर्नकै लागि ठूला दल मिलेर नयाँ सरकार बनेकाले राजनीतिक समीकरणलाई समेत हेरेर आशावादी हुन निजी क्षेत्रलाई आग्रह गरेका छन्। नेपाल उद्योग परिसङ्घ (सिएनआई)सँग बिहीवार अर्थ मन्त्रालयमा भएको छलफलमा उनले नीतिको स्थिरता र कार्यान्वयनको स्थायित्व आवश्यक रहेकाले यसमा केन्द्रित भई सरकारले काम गर्ने बताए।

“प्रधानमन्त्री चौथोपटक भूतपूर्व प्रधानमन्त्रीको फोटो टाँस्न आउनुभएको होइन। समस्या देखेर त्यो समाधानका लागि सरकारमा आएका हौं,” अर्थमन्त्री पौडेलले भने, “अर्थतन्त्रमा आशाको दियो बाल्ने प्रयास हुनेछ।” उनले समस्या मात्र नभई समाधानका लागि निजी क्षेत्रसँग बसेर छलफललाई केन्द्रित गर्नेसमेत बताए।

परिसङ्घको तर्फबाट सफल कार्यकालको शुभकामना दिंदै अध्यक्ष राजेशकुमार अग्रवालले विगत तीन वर्षदेखि शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रको मनोबल बढाउनुपर्ने बताए। उत्पादनशील र निर्माण क्षेत्र बढी प्रभावित हुँदा बाह्य क्षेत्र उत्साहजनक भएपनि आन्तरिक अर्थतन्त्र अझै समस्यामा रहेको उनको भनाइ थियो।

विगत तीन वर्षदेखि उद्योग ३०–४० प्रतिशत क्षमतामा सञ्चालन भइरहेको र समग्र बजार मागमा सङ्कुचन आउँदा अर्थतन्त्र चलायमान हुन नसकेको अध्यक्ष अग्रवालले बताए। परिसङ्घले अर्थतन्त्रलाई चलायमान बनाउन समग्र माग बढ्ने नीति लिनुपर्ने, पूँजीगत खर्च बढाउन सुनिश्चितता प्रदान गर्नुपर्नेमा जोड दिएको छ।

### एकल महिलाको ...

सदस्य लिली थापाले मानव अधिकार आयोगमैं एकल महिलाको मुद्दा सम्बोधन गर्न नसकेको स्वीकार गरेकी छन्। उनले आफू सदस्य भएपछि धेरैपटक एकल महिलाका मुद्दा उजागर गर्दा यसलाई मानव अधिकारको विषय नै नबनाइने विडम्बना रहेको बताइन्। साथै राज्यले नै एकल महिलाको संरक्षण गर्न बनाएको एकल महिला सुरक्षा कोष पाँच वर्षसम्म पनि लागू नहुनुले मुलुकमा सात प्रतिशत जनसङ्ख्या भएका एकल महिलाले कष्टपूर्ण जीवनयापन गर्नुपरेको उनको भनाइ छ। “पाँच वर्षमा चार महिला मन्त्री परिवर्तन भए तर कोष कार्यान्वयनमा आएको छैन,” उनले भनिन्, “कोषमा रु छ करोड बजेट ‘फ्रिज’ भएको छ, एकल महिलाले दुःख पाएका छन्।” उनले महिला मन्त्रालयले कोषको रकम परिचालन गर्न सरकारलाई दबाब दिइरहेको बताइन्।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले एलक महिला सवाललाई आयोगको तर्फबाट कार्यान्वयन गर्न सरकारसँग सिफारिश गर्ने बताइन्। उनले आयोगले चालू आर्थिक वर्षमा सातवटै प्रदेशमा एकल महिलासम्बन्धी कार्यक्रम गरेर अवस्था अनुगमन गर्दा एकल महिलाको स्थिति नाजुक रहेको बताइन्।

वैदेशिक रोजगारको कारणले होस् या विपत्मा परेर धेरै पुरुषको मृत्यु हुँदा महिला एकल भएको स्थिति छ। १० वर्षे माओवादी सशस्त्र द्वन्द्वमैं पनि नौ हजारभन्दा महिला एकल भएको डब्लुएचआरको अध्ययनले बताउँछ। पछिल्लो समय सम्बन्धविच्छेदको तथ्याङ्क उच्च हुँदा पनि एकल महिलाको सङ्ख्या बढ्दै गएको अधिकारकर्मी पाण्डे बताउँछिन्।

एकल महिलाको सङ्ख्या आकाशिंदै गर्दा उनीहरूले सम्मानजनक र न्यायोचित जीवनयापन गर्ने वातावरण राज्यले दिन नसकेको राष्ट्रिय महिला आयोगकी अध्यक्ष पराजुलीको बुझाइ छ। उनले एकल महिलाले समाजमा आत्मसम्मानका साथ बाँच्न पाउनुपर्ने वातावरण मिलाउने दायित्व परिवारसँगै राज्यको पनि हो। राज्यलाई पटकपटक एकल महिलाका लागि बनाएका कानून कार्यान्वयन गराउन सिफारिश गरिरहेको तर परिणाम प्रभावकारी नआएको बताउँछिन्। “एकल महिला सुरक्षा कोष मात्रै कार्यान्वयन हुन सके पनि धेरै एकल महिलाले राहत पाउने थिए,” उनले भनिन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुपराजय | वृष – ज्ञानोदय |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनलाभ | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – प्रगति |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया




**निजगढमा राजमार्गको सडक क्षेत्रमा कृषिबाली उत्पादन:** राजमार्ग क्षेत्र अतिक्रमण गरी नमूना कृषिबाली हुर्काउँदै लाभ लिने क्रम बढ्न सक्ने देखिएको छ। पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढ नगरपालिका–९ भमरा प्राथमिक स्वास्थ्य केन्द्र जाने बाटोभन्दा केही अगाडि केही घरधनीहरूले सडकको क्षेत्राधिकारभित्रको जमीनमा यसरी दिनदहाडै खेती गर्दै आइरहेका छन्। यसरी राजमार्गको क्षेत्राधिकार मिचेर जमीन कब्जा गर्नु, प्रयोग गर्नु कानूनविपरीत कार्य भएपनि कारबाई गर्ने निकाय बेखबर बनिरहेको छ। स्थानीय तहका जनप्रतिनिधिहरू आगामी चुनावमा भोट घट्ने डरले 'तैं चुप मै चुप' बस्ने गरेका छन्। शहीदचोक, बुद्धचोक आसपासमा पनि सडक व्यापारको नाममा सडक मिच्दै आइरहेका छन्। जसले गर्दा सवारीसाधन दुर्घटना हुन सक्ने सम्भावना अधिक छ। यस राजमार्ग भएर दैनिक स्थानीय जनप्रतिनिधि, प्रहरी प्रशासन आवतजावत गर्ने गरे पनि मौन छन्। शब्दचित्र: जीतलाल श्रेष्ठ/प्रतीक

# निजगढ नगरपालिका–१२ द्वारा वृक्षारोपण

प्रस, निजगढ, ३ साउन/

निजगढ नगरपालिका १२ नं वडा कार्यालय परिसर र आसपासमा वृक्षारोपण कार्य बिहीवार सम्पन्न भएको छ।

यस वडामा सक्रिय रहेका तपोभूमि युवा क्लब, सहमति युवा क्लब, ग्रामीण युवा क्लबको सहयोगमा वडा कार्यालय परिसर र वडा कार्यालय जाने बाटाका दुवै किनारामा गुलमोहर, कल्की, रुद्राक्ष, पारिजात, अशोक, नीम, धुपी, आँप, लिच्ची, कपूरलगायतका ९४ वटा बोटबिरुवा रोपण गरिएको वडा सचिव अरुण बस्नेतले जानकारी दिए।

विश्वकै कान्छो चुरे पहाड र फेदमा रहेको यस वडाको रामथलीस्थित वडा कार्यालयमा गरिएको वृक्षारोपण कार्यले ५/७ वर्षभित्र नै यस स्थानको सौन्दर्यीकरण देखिने र स्वच्छ वातावरणमा थप योगदान पुऱ्याउने अपेक्षा गरिएको वडाध्यक्ष ज्ञानबहादुर गोलेले बताए।



तस्वीर: प्रतीक

वडामा सडकलगायत विभिन्न भौतिक पूर्वाधारका कार्यहरू भइरहेसँगै वडामा रहेका विद्यालय, सार्वजनिक स्थान, सडक किनारामा समेत आवश्यकता अनुसार बिरुवा रोपण गर्ने वडाध्यक्षले गोलेले बताए।

# सर्लाहीमा सर्पदंशका बिरामी बढे

नितेश कर्ण, सर्लाही, ३ साउन/

गर्मी र वर्षाका कारण सर्लाहीमा सर्पदंशका घटना बढेका छन्। प्रचण्ड गर्मी र वर्षाले खेतबारी तथा अन्य ठाउँका दुलाहरू पुरिएर विषालु सर्पहरू बाहिर निस्किन थालेपछि सर्पदंशका घटना बढेका हुन्।



तस्वीर: प्रतीक

सदरमुकाम मलङ्गवास्थित प्रादेशिक अस्पतालमा दैनिक औसत छदेखि आठजना र कहिलेकाहीं १० जनाभन्दा बढी सर्पदंशका बिरामी उपचारको लागि आउने गरेका छन्।

यस्तै, जिल्लाको लालबन्दी नगरपालिका–१ नवलपुरस्थित जिल्लाको एकमात्र सर्पदंश उपचार केन्द्रमा पनि दैनिक पाँच/सात जनासम्म सर्पदंशपीडित आउने गरेका छन्।

प्रादेशिक अस्पताल मलङ्गवाको तथ्याङ्क अनुसार २०८१ सालको सुरुआतसँगै गत वैशाख १ देखि असार २७ गतेसम्म महिला, पुरुष र बालबालिका गरी ४६२ जना सर्पदंशपीडितले उपचार गराएका छन्।

यसैगरी, नवलपुरस्थित सर्पदंश उपचार केन्द्रको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ को वैशाखदेखि चैत मसान्तसम्म जम्मा ४७२ जना सर्पदंशपीडितले उपचार गराएका छन्।

सर्पदंश उपचार केन्द्र, नवलपुरका चिकित्सक डा सन्तोषकुमार साहका अनुसार वर्षाको मौसममा सर्पहरू बढी निस्कने भएकाले जेठदेखि असोजसम्म सर्पदंशका बिरामी बढी सङ्ख्यामा आउने गरेको बताए।

अरू बेला फाट्टफुट्ट मात्र आउने तर वर्षा लागेपछि दैनिकजसो सर्पले टोकेका अथवा टोकेको भन्ने शङ्का लागेका मानिसहरू उपचार केन्द्रमा आउने गरेका डा साहले बताए।

सर्पदंश उपचार केन्द्रमा गम्भीर अवस्थाका बिरामीहरूका लागि आइसियू र भेन्टिलेटर हुँदाहुँदै पनि चलाउने दक्ष जनशक्तिको अभावका कारण गम्भीर किसिमका बिरामीहरूलाई जनकपुर, वीरगंजलगायतका सुविधासम्पन्न अस्पतालमा रेफर गर्नुपर्ने बाध्यता रहेको डा साहले बताए।

नवलपुरको सर्पदंश उपचार केन्द्रमा लालबन्दीसहित ईश्वरपुर, हरिवन, हरिपुर, बाग्मती नगरपालिका र महोत्तरीको बर्दिबास तथा आसपासका बिरामीहरू आउने गरेका छन्।

सदरमुकाम मलङ्गवास्थित प्रादेशिक अस्पतालमा मलङ्गवासहित कौडेना, चकरघट्टा, बसबरिया, ब्रह्मपुरी, पर्सा, चन्द्रनगर गाउँपालिका तथा गोडैता र कविलासी नगरपालिकासम्मका सर्पदंशका बिरामी आउने गरेका छन्।

मलङ्गवादेखि मात्र दुई किलोमिटरको दूरीमा भारतका बस्तीहरूबाट पनि उपचार गराउन आउने गर्छन्। प्रादेशिक अस्पतालमा आउने सर्पदंशका सातजना बिरामीमध्ये पाँचजना भारतीय हुने गरेका उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन्।

सर्पले टोक्नेबित्तिकै कुनै अलमलमा नपरी समयमा उपचार गराउन आउने ९५ प्रतिशतभन्दा बढी बिरामी निको हुने गरेका छन् तर सर्पले टोकेपछि स्वास्थ्य उपचार नगराइ झारफुकको लागि धामी झाँक्रीकहाँ जाने र स्वास्थ्य अवस्था नाजुक भएपछि मात्रै अस्पताल आउने बिरामीलाई उपचार गर्न निकै कठिनाइ हुने गरेको चिकित्सकहरू बताउँछन्।

पुरानो रूढिवादी परम्परा र अन्धविश्वासका कारण अझै पनि तराई–मधेसका गाउँघरमा सर्पदंशका बिरामीलाई अस्पताल पुऱ्याउनुको साटो झारफुक गराउन धामी–झाँक्रीकहाँ लाने गरिएको छ।

खेतमा काम गर्दा, घाँसपातको काम गर्दा र घरमा शौचालय नहुँदा अँध्यारोमा दिसापिसाब गर्न बाहिर निस्कँदा सावधान रहन चिकित्सकहरूको सुझाव छ।

सर्लाहीमा यतिबेला ढोडिया, धामन, हरहरालगायत विष नभएका तथा गोमन, करेत, भाइपर (सुगासाप)जस्ता विषालु सर्प छ्याप्छ्याप्ती देखिने गरेका छन्।

# बारामा आत्महत्या गर्नेको सङ्ख्यामा वृद्धि

प्रस, वीरगंज, ३ साउन/

जिल्ला प्रहरी कार्यालय, बाराले आव २०८०/८१ को घटना विवरण सार्वजनिक गरेको छ। प्रहरी तथ्याङ्क अनुसार महिलासम्बन्धी उजूरीको सङ्ख्या घटेका छन् भने आत्महत्याका घटनामा वृद्धि भएको छ।

आव २०८०/८१ मा ६८ महिला, ६४ पुरुष, सात बालक र २४ बालिकाले आत्महत्या गरेका छन्। आव २०७९/८० मा ४६ महिला, ४९ पुरुष, आठ बालक र ३६ बालिकाले आत्महत्या गरेका थिए भने २०७८/७९ मा महिला ४७, पुरुष ४६, बालक आठ र बालिका २० जनाले आत्महत्या गरेका प्रहरी तथ्याङ्कमा उल्लेख छ।

त्यस्तै, आव २०७८/७९ मा दुई हजार २१३ उजूरीमध्ये एक हजार ४५० मिलापत्र भएका छन् भने २०७९/८० मा दुई हजार १४४ उजूरीमध्ये एक हजार ६६६ मिलापत्र भएका छन्। आव २०८०/८१ मा एक हजार ९३६ उजूरीमध्ये एक हजार ७५० उजूरी मिलापत्र भएको तथ्याङ्क छ।

आव २०८०/८१ मा दुई हजार ५४ किलो गाँजा, ४५ किलो २३ ग्राम चरेस, र ५६९.६४ ग्राम ब्राउन सुगर बरामद भएको थियो।

त्यस्तै, आव २०७८/७९ मा दुई करोड ४३ लाख ८९ हजार, २०७९/८० मा १२ करोड ६१ लाख र २०८०/८१ मा ५७ करोड ४० लाख ३५ हजार सङ्कलन गरिएको छ।

यसैगरी, जिल्ला प्रहरी कार्यालयले विभिन्न मुद्दामा कैद जरिवाना तोकेका ३१९ जना फरार प्रतिवादी पक्राउ परेको जनाएको छ। यी प्रतिवादीबाट ७९ वर्ष तीन महीना तीन दिन कैद र एक करोड ५४ लाख ५६ हजार २८८ रुपियाँ जरिवाना सङ्कलन गरिएको छ। आव २०८०/८१ मा एक हजार ३२२ मुद्दा दर्ता भएका र एक हजार ३१ मानिस पक्राउ परेको विवरणमा उल्लेख छ। यसै अवधिमा ९२ वटा लागूऔषध मुद्दा दर्ता भएका छन् र १३७ मानिस पक्राउ परेका छन्।



तस्वीर: फाइल

प्रहरीले सातवटा हतियार र २० राउन्ड गोली बरामद गरेको छ भने ९६ वटा हराएका मोबाइल फेला पारी सम्बन्धित व्यक्तिलाई बुझाइएको प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए।

उनका अनुसार अवैध आर्थिक कारोबार (हुन्डी)सम्बन्धी चारवटा मुद्दा दर्ता गरी आठजनालाई पक्राउ गरी ३८ लाख नौ हजार रुपियाँ बरामद गरिएको छ। सवारीसाधन ट्राफिक कारबाई अन्तर्गत ३४ हजार २८५ वटा सवारीलाई कारबाई गरी दुई करोड ९७ लाख ३१ हजार ५०० राजस्व सङ्कलन गरेको जिप्रका, बाराले जनाएको छ।

## खेतमा विद्युत्को तार छाड्नेमाथि ज्यान मुद्दा दर्ता

प्रस, वीरगंज, ३ साउन/

जथाभावीरूपमा अरूको खेत हुँदै विद्युतीय तार लगाएका दुईजनामाथि ज्यानसम्बन्धी मुद्दा दर्ता भएको छ।

देवाहीगोनाही नगरपालिका–७ गोनाहीका रामदरेशराय यादव र गुल्टेनराय यादवमाथि इलाका प्रहरी कार्यालय, गरुडामा ज्यानसम्बन्धी मुद्दा दर्ता भएको हो।

आरोपीहरूले विद्युत्को पोलबाट तार जथाभावी आफ्नो खेतमा लगी मोटर चलाएका थिए। सोही तारबाट करेन्ट लागेर सोमवार दिउँसो देवाहीगोनाही नपा–७ का चुनीलाल पासवानको आफ्नो खेतमा काम गरिरहेको अवस्थामा मृत्यु भएको थियो। पासवानको मृत्युपछि उनको आफन्तले दिएको लिखित किटानी जाहेरीको आधारमा मङ्गलवार रामदरेश र गुल्टेनमाथि कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक दिलीप घिमिरेले बताए।

पासवानको मृत्यु भएलगत्तै रामदरेश र गुल्टेन फरार छन्। दुवैजनाको खोजी तथा घटनाबारे अनुसन्धान भइरहेको प्रउ घिमिरेले बताएका छन्।

# जीतपुरसिमराका प्रप्रअ काफ्लेको सरुवा

प्रस, वीरगंज, ३ साउन/

जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्लेको सरुवा भएको छ भने उनको स्थानमा चेतकुमार पोखरेल आउँदै छन्।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत काफ्लेको सरुवा गर्दै उनको स्थानमा पोखरेललाई पठाउने निर्णय गरेको छ।

गत वैशाखमा जीतपुरसिमरा आएकी काफ्लेलाई मन्त्रालयले अतिरिक्त समूहमा सरुवा गरेको छ। काफ्लेको स्थानमा मन्त्रालयले यसअघि अढाई वर्ष उपमहानगरपालिकामा काम गरेर अनुभव बटुलेका पोखरेललाई पठाउन लागेको हो।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| शशश | | जानकारी आएन | | |

जनसङ्ख्यालाई शक्ति र साधनको रूपमा उपयोग गरौं

- जनसङ्ख्याको असमान वितरणलाई रोकौं,
- आप्रवासीका समस्या समाधान गरौं,
- लैङ्गिक समानता कायम गरौं,
- सीमान्तकृत र लोपोन्मुख अवस्थामा रहेका जनसङ्ख्याको संरक्षण गरौं,
- व्यवस्थित बसोबास गरौं र गराऔं,
- अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गरौं,
- बस्ती विकासलाई व्यवस्थित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड